# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## धुर्कोट गाउँपालिका
## गुल्मी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय लुम्बिनी प्रदेश**

पत्र संख्याः २०७८।७९
च.नं. ९४३

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
धुर्कोट गाउँपालिका
गुल्मी।

**कैफियत सहितको राय**

हामीले धुर्कोट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू २ करोड ६६ लाख ९३ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९/३/१७ मा प्राप्त प्रतिक्रियाबाट रू ० फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू २७ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७२ लाख ८१ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ६७ लाख १० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्मको बेरुजू रु ३ करोड ९० लाख ४४ हजार बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड ६० लाख ३२ हजार रहेको छ ।पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

धुर्कोट गाउपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १११ | ५२ | २६६९३ | ० | ० | ० | १११ | ५२ | २६६९३ | २७०२ | १६७१० | ७२८१ | ० | ० | २३९९३ | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ३९०४४ | ० | ९७०५ | २९३३९ | ० | २६६९३ | ५६०३२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : धुर्कोट गाउँपालिका, गुल्मी , धुर्कोट गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | तुल्सीराम पौडेल | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्रेमलाल खनाल | २०७८-११-५ | २०७८-१२-५ |
| कार्यालय प्रमुख | काशीराम पन्थी | २०७७-४-१ | २०७८-१०-५ |
| लेखा प्रमुख | प्रकाश गौतम | २०७७-४-१ | २०७७-१२-५ |
| लेखा प्रमुख | कमल महत | २०७७-१२-६ | |
| | | **बेरुजु रकम** | २६,६९२,७६४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,०५,११,४६९.८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,५५,९८,१६० | **चालु खर्च** | ३३,३७,२६,९९४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,३३,९०,००० | **पूँजीगत खर्च** | १२,६३,८८,४९० |
| **राजश्व बाँडफाँट** | ७,२८,७५,३८८ | **वित्तीय/अन्य व्यवस्था** | १७,३२,९४,०९४ |
| **आन्तरिक आय** | ४२,४१,३८८.२ | | |
| **अन्य आय** | १२,४४,४३,२९९ | | |
| **कुल आय** | ६५,०५,४८,२३५.२ | **कुल खर्च** | ६३,३४,०९,५७८ |
| **बाँकी मौज्दात** | | ३,७६,५०,०३७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस गाउंपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ८६.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ५५४ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तीय अवस्था**<br>**सूत्र प्रणाली अनुसारको वित्तीय प्रतिवेदन** : | |

वित्तीय प्रतिवेदन

प्राप्ती भुक्तानी हिसाव

| विवरण | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५५,२६,९९,३२७.०३ | ५४,७७,६५,८९८.२१ | | ५४,७७,६५,८९८.२१ | ४३,१३,८६,८२६.२९ | | ४३,१३,८६,८२६.२९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५२,८२,१६,४५१ | ५१,९३,३३,७६८.२१ | ० | ५१,९३,३३,७६८.२१ | ४१,७७,०२,२९३.१९ | ० | ४१,७७,०२,२९३.१९ |
| ११००० कर | ७,४४,७८,२९१ | ६,५६,२९,८९०.८० | ० | ६,५६,२९,८९०.८० | ४,८६,७२,५०४.९५ | ० | ४,८६,७२,५०४.९५ |
| १३००० अनुदान | ४४,९४,८८,१६० | ४४,८९,८८,१६० | ० | ४४,८९,८८,१६० | ३६,६०,४२,००० | ० | ३६,६०,४२,००० |
| संघीय सरकार | ४०,५५,९८,१६० | ४०,५५,९८,१६० | ० | ४०,५५,९८,१६० | ३२,५८,७७,००० | ० | ३२,५८,७७,००० |
| प्रदेश सरकार | ४,३३,९०,००० | ४,३३,९०,००० | ० | ४,३३,९०,००० | ४,०१,६५,००० | ० | ४,०१,६५,००० |
| अन्तरिक श्रोत | ५,००,००० | ० | ० | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | ४२,५०,००० | ४७,१५,७१७.४१ | ० | ४७,१५,७१७.४१ | २६,२६,८८०.७४ | ० | २६,२६,८८०.७४ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३३००० दायित्व | ० | ० | ० | ० | ३,६०,९०७.५० | | ० | | ३,६०,९०७.५० |
| | | | | ख. अन्य प्राप्ति | २,४४,८२,८७६.०३ | २,८४,३२,१३० | | २,८४,३२,१३० | १,३६,८४,५३३.१० | | | | १,३६,८४,५३३.१० |
| | | | | वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | | ० | | ० |
| | | | | कोषहरु | २,४४,८२,८७६.०३ | २,६०,२९,२६१ | ० | २,६०,२९,२६१ | १,१७,०८,६९५ | | ० | | १,१७,०८,६९५ |
| | | | | धरौटी | ० | २४,०२,८६९ | ० | २४,०२,८६९ | १९,७५,८३८.१० | | ० | | १९,७५,८३८.१० |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | | ० | | ० |
| | | | | भुक्तानी (ग+घ) | ५८,२६,६४,७८१.०३ | ४७,९५,५५,१८४ | | ४७,९५,५५,१८४ | ४०,२४,६०,५०३.१० | | | | ४०,२४,६०,५०३.१० |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | ५५,८१,८१,९०५ | ४६,०६,१५,४०४ | | ४६,०६,१५,४०४ | ३९,४१,७५,२०५.१० | | | | ३९,४१,७५,२०५.१० |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १५,७१,०८,१६० | १४,२५,०७,६९८ | ० | १४,२५,०७,६९८ | १५,५७,४२,५९९ | | ० | | १५,५७,४२,५९९ |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | ११,३०,१७,००० | ९,४२,४५,४६६ | ० | ९,४२,४५,४६६ | ५,७४,६४,०२१.५५ | | ० | | ५,७४,६४,०२१.५५ |
| | | | | २५००० सहायता (Subsidy) | ७,९९,९५,००० | ७,३४,१८,६३४ | ० | ७,३४,१८,६३४ | ३,६१,९९,४८८ | | ० | | ३,६१,९९,४८८ |
| | | | | २६००० अनुदान | ७,६८,००० | ७,३२,५३० | ० | ७,३२,५३० | २६,७१,९८९.३६ | | ० | | २६,७१,९८९.३६ |
| | | | | २७००० सामाजिक सुरक्षा | ३,०१,४८,००० | २,१८,१९,७६० | ० | २,१८,१९,७६० | ४८,१७,५३० | | ० | | ४८,१७,५३० |
| | | | | २८००० अन्य खर्च | १२,३०,००० | १०,०२,९०६ | ० | १०,०२,९०६ | २४,१८,१०० | | ० | | २४,१८,१०० |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १७,५९,१५,७४५ | १२,६८,८८,४१० | ० | १२,६८,८८,४१० | १३,४८,६१,४७७.१९ | | ० | | १३,४८,६१,४७७.१९ |
| | | | | घ. अन्य भूक्तानी | २,४४,८२,८७६.०३ | १,८९,३९,७८० | | १,८९,३९,७८० | ४०,२४,६०,५०३.१० | | | | ४०,२४,६०,५०३.१० |
| | | | | कोषहरु | २,४४,८२,८७६.०३ | १,५७,६९,८७४ | ० | १,५७,६९,८७४ | ८१,८५,२९८ | | ० | | ८१,८५,२९८ |
| | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धरौटी | ० | ३२,५९,९४१ | ० | ३२,५९,९४१ | १,००,००० | | ० | | १,००,००० |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | | ० | | ० |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -९०,०३५ | | -९०,०३५ | | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | (२,९९,६५,४५४) | ६,८२,१०,७१४.२१ | | ६,८२,१०,७१४.२१ | २,८९,२६,३२३.१९ | | | | २,८९,२६,३२३.१९ |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १,२१,५४,३७० | | १,२१,५४,३७० | १,४३,३४,३२५.५७ | | | | १,४३,३४,३२५.५७ |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | (२,९९,६५,४५४) | ८,०३,६५,०८४.२१ | | ८,०३,६५,०८४.२१ | ४,३२,६०,६४८.७६ | | | | ४,३२,६०,६४८.७६ |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | | ८,०३,६५,०८४.२१ | | ८,०३,६५,०८४.२१ | ४,५८,३५,२९६.७६ | | | | ४,५८,३५,२९६.७६ |

कार्यालयको सूत्र प्रणालीबाट तयार भएको आय व्ययमा देहायको अवस्था देखिएको छ ।

**क) प्रणालीको शुरु मौज्दातः** सुत्र प्रणालीले गत वर्षको अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात बरावर देखाएको हुनु पर्दछ । तर कार्यालयको सुत्र प्रणालीले गत वर्ष मौज्दात रु ४,३२,६०,६४८।७६ देखाएकोमा यो वर्षको शुरु मौज्दात रु १,२१,५४,३७०।- देखाएकोले प्रणालीले रु ३,११,०६,२७८।७६ घटी जिम्मेवारी सारेको देखियो । कार्यालयले यसको कारण उल्लेख गरेको छैन । यसमा सुधार गरिनु पर्दछ ।

**ख) अन्तिम बैंक बाँकी मौज्दातः** कार्यालयको पेश गरेको एकिकृत आर्थिक विवरणमा यो वर्षको अन्तमा बाँकी बैंक मौज्दात रु. ३,७६,५०,०३७।- रहेकोमा सूत्र प्रणाली वित्तीय प्रतिवेदन फा न २७२ मा रु. ८,०३,६५,०८४।२१ बैंक मौज्दात देखाएकोले प्रणालीको वित्तीय विवरणले यथार्थ मौज्दात देखाएको देखिएन । कार्यालयले यसको कारण उल्लेख गरेको छैन ।

**घ) धरौटीः** कार्यालयको गत वर्षको धरौटी बाँकी रु ५८४५१७९।-र यो वर्षको आम्दानी रु २४०२८६९।- समेत रु ८२,४८,०४८।- मध्ये फिर्ता खर्च रु ३२,५९,९४१।- भई बाँकी रु ४९,८८,१०७।- रहेकोमा सूत्र प्रणालीले यो वर्षको आम्दानी तथा फिर्ता खर्च रु ३२,५९,९४१।- मात्र समावेश गरेको देखिएकोले प्रणालीले धरौटीको यथार्थ अवस्था देखाउन सकेको छैन । यसमा सुधार गरिनु पर्दछ ।

**ङ) राजश्वः** प्रणालीले राजश्व खातामा दाखिला भएको रकम उल्लेख गरेको देखिएन ।

**च) आर्थिक विवरणको यथार्थताः** सूत्र प्रणालीले तयार गरेको आर्थिक विवरणले पालिकाको यथार्थ आर्थिक अवस्था चित्रण गरेको हुनु पर्दछ । तर प्रणालीमा देहायको कारोबारहरुको रु १०,२६,८०,९११।- समावेश भएको नदेखिएकोले उक्त प्रणालीबाट तयार भएको आयव्ययले यथार्थ आर्थीक अवस्था चित्रण गर्न सक्दैन । यसमा सुधार गरिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | सि न | खर्च शिर्षक | बजेट | निकास खर्च रु | |
| | | | १ | सामाजिक सुरक्षा | ८८४०४००० | ८४७८९६७० | |
| | | | २ | प्रशासकिय भवन पूर्वाधार | ६८००००० | ६८००००० | |
| | | | ३ | एकिकृत स्वास्थ्य पूर्वाधार | ३२३३०००० | १७९०४८५ | |
| | | | ४ | स्थानीय पूर्वाधारविकास | १०००००००० | ९३००७५६ | |
| | | | | जम्मा | १३७५३४००० | १०२६८०९११ | |
| ३ | | | **वित्तीय विवरण परीक्षण** | | | | |
| ३.१ | | | **अवकाश कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापनाको स्थापना गरेको देखिएन । | | | | |
| ३.२ | | | **चौमासिक कार्यलक्ष्यः** आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा सो बमोजिम गर्ने गरेको देखिएन । | | | | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको देखिएन । साथै आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी देहायका कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ<br> स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने<br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने<br> पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयारी<br> पालिकाले कार्यक्रमगत तथा योजनागत खाता<br> पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार<br> अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार<br> पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक<br> वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक<br> जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने<br> सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने<br> संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता<br> वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार | |
| ४.२ | | | **म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीकालागि भ्रमण अभिलेख राखेको भएतापनि अद्यावधिक नगरेको र फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेकोले यसमा सुधार गरिनु पर्दछ । | |
| ४.३ | | | **धरौटी बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवली, २०७७ को नियम अनुसार कार्यालयमा बाँकी रहेको धरौटी रकमको व्यक्तिगत अभिलेख राखेको हुनु पर्दछ । कार्यालयको अभिलेख अनुसार यो वर्षको अन्तसम्ममा धरौटी मौज्दात रु ४९,८८,१०८।- बाँकी रहेको देखियो । तर कार्यालयले धरौटीको व्यक्तिगत कच्चावारी अभिलेख तयार गरेको देखिएन । अतः व्यक्तिगत धरौटीको कच्चावारी अभिलेख तयार गरि धरौटी मौज्दात रकम अध्यावधिक गरिनु पर्दछ । | |
| ५ | | | **खरिद व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **खरिद सम्झौता कार्यान्वयनः** कार्यलयले निर्माण कार्यहरु गराउँदा निर्माण कार्य सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न हुने, सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्ने, निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित गर्ने नगरिएको, सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गर्ने र त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ५.२ | | | **निर्माण कार्यको गुणस्तर परीक्षणः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) को खण्ड ग अनुसार सम्झौता अनुसारको गुणस्तर परिक्षण तथा नियमावली,२०६४ को नियम १११ (१) को खण्ड ङ अनुसार गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस अनुसार निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई गुणस्तर आश्वस्तता कार्य योजना पेश गर्न लगाई निर्माण कार्यमा प्रयोग हुने सम्पूर्ण निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराइनु पर्नेमा केही पाइप तथा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराएतापनि अधिकाँश निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण गरेको देखिएन । त्यस्तै कार्यालयका प्राविधिकहरु निर्माणस्थल साइटमा गुणस्तर नियन्त्रणकालागी अनुगमन निरीक्षण गरेर तयार गर्नुपर्ने निरीक्षण अभिलेख तथा साइट रजिष्टर राखेको नदेखिएकोले गुणस्तर नियन्त्रण पर्याप्त भएको सन्दर्भमा आश्वस्तता हुनसक्ने अवस्था देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ । | |
| ५.३ | | | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सार्वजनिक परीक्षण गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | **बजेट खर्च गर्ने अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको सभाको निर्णय पुस्तिका सरकारी कामको सिलसिलामा सर्वोच्च अदालत पठाएको जनाई ल्खापरीक्षणार्थ पेश भएन । कार्यालयले यो वर्षको बजेट तथा कार्यक्रम २०७७।३।१० मा पारीत भएकोमा गा पा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई २४ दिन ढिला गरि २०७८।४।२ मा मात्र अख्तियारी दिएको देखियो । ऐनद्धारा तोकिएको समयभित्र प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिइनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **बजेट सीमा र अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गरि समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा व्यवस्था छ । तर कार्यालयले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई बजेट सीमा पठाउने नगरेको र राजश्व परामर्श समितिले बजेट वर्ष पछिका २ वर्षको अनुमान गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ । | |
| ६.३ | | | **प्रोफाइलः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर कार्यालयले त्यस अनुसार श्रोत नक्शाङ्कन सहितको प्रोफाइल तयार गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ६.४ | | | **चौमासिक र बार्षिक प्रगतीः** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br>**अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फर्ता गरेको हुनु पर्दछ । पालिकाको सूत्र प्रणालीको प्रतिवेदन बमोजिम संघिय सशर्त अनुदान तर्फ रु ३४,३५,२१,९११।- र प्रदेश सशर्त अनुदान तर्फ रु ५८,११,०६१।- समेत रु ४,९३,३२,९७२।- आर्थिक वर्ष भित्रै फिर्ता पठाउनु पर्ने निकासा बाँकी ढीला गरि २०७८।५।२२ मा फिर्ता पठाएको देखियो । अतः कोष फिर्ता गर्नुपर्ने रकम आर्थिक वर्ष भित्रमा नै पठाउनु पर्ने तर्फ ध्यान दिनु जरुरि देखिन्छ । | |
| ८ | | | **बिद्यालय भौतिक सुधार, अनुगमन मूल्यांकन मापदण्ड** | |
| ८.१ | | | **बिद्यालय भौतिक पूर्वाधार विकास :** गाउंपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्विकृत गरी सोही कार्यक्रम बमोजिम संझौता गरि अनुदान उपव्ध गराउनु पर्नेमा उक्त कार्यक्रम स्वीकृत गरेको देखिएन ।अत: सो कार्यक्रम स्वीकृत गरी कार्यक्रम अनुसार संझौता गरी अनुदान उपलव्ध गराउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८.२ | | | **निजी विद्यालय व्यवस्थापन :**गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने , मापदण्ड बमोजिम अनुगमन गर्नुपर्ने , शुल्क निर्धारण गर्नुपर्ने र शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गर्नुपर्ने एवं अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । उक्त मापदण्ड निर्धारण गरी कार्यान्विन गर्नुपर्दछ । | |
| ८.३ | | | **शैक्षिक गुणस्तर मापनको मापदण्ड**: गाउंपालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरि प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वियन गर्नु पर्दछ । | |
| ८.४ | | | **विद्यालय व्यवस्थापन :**गाउंपालिकाले विद्यालयअनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने , मापदण्ड बमोजिम अनुगमन गर्नुपर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । उक्त मापदण्ड निर्धारण गरी कार्यान्विन गर्नुपर्दछ । गरी कार्यान्विन गर्नुपर्दछ । | |
| ९ | | | **पदाधिकारी सुविधा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | **पदाधिकारी सुविधा :** पदाधिकारी सुस्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ३ मा लुम्विनी प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ आषाढ ३ मा राजपत्रमा प्रकाशन गरेको र उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको यो वर्ष उल्लिखित सेवा सुविधामा निम्नानुसार रु. ८६ लाख १० हजार खर्च लेखेको देखिन्छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य २४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ११००० | ११००० | २३३००० | १६९००० | ५७६००० | १०००००० |
| २ | यातायात खर्च | ० | ० | ८४०००० | ३६०००० | ८६४००० | २०६४००० |
| ३ | इन्धन तथा मोबिल | १४४७८० | १४४७८० | ० | ० | ० | २८९५६० |
| ४ | पत्रपत्रिका, ईन्टरनेट | ४८००० | ४८००० | २५२००० | १८०००० | ५७६००० | ११०४००० |
| ५ | टेलिफोन तथा मोबाइल रिचार्ज | ४२००० | ३६००० | २५२००० | १७८५०० | ७२०००० | १२२८५०० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| ७ | जनसम्पर्क विशेष कार्यसुविधा | १२०००० | ९६००० | ५०४००० | ३००००० | ८६४००० | १८८४००० |
| ८ | खानेपानी तथा सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ९ | मर्मत संभार र विद्युत/उर्जा खर्च | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| | चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ५०००० | १६८००० | ३३२००० |
| | जम्मा | ५७२७८० | ५३०७८० | २५०१००० | १२३७५०० | ३७६८००० | ८६१००६० |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ९.२ | | | **पदाधिकारी अन्य सुविधाको प्रमाण**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जन मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.२०६४०००/-, टेलिफोन तथा मोवाइल रु. १२२८५००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.११०४०००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.१८६४०००/-, अतिथि सत्कारमा रु. ४६८०००/-, खानेपानी विजुली तथा सरसफाईमा रु.१२००००/- , मर्मतमा रु.१२००००।- समेत जम्मा रु. ६९८८५००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. ६९८८५००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९.३</td><td></td><td></td><td>
विविध खर्चः आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को दफा ३९(५) मा खर्च गर्दा खर्चको पुष्ट्याइ सहितको प्रमाण कागजात सहितको लेखा राख्नु पर्ने व्यवस्था छ ।देहायका फर्मवाट व्यक्तिगत प्रयोगमा आउने विविध सामान खरीद गरी खर्च लेखेको रु ७९१९११। नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>भौ नं मिति</th><th>फर्मको नाम</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१९-०७७।६।२६</td><td>विज्ञान एण्ड विक्रम स्टोर्स</td><td>चामल,तेल,चिनी,जिरा लगायतका सामान</td><td>८९६९४</td><td>अध्यक्ष उपाध्यक्षको निवासमा प्रयोग</td></tr>
<tr><td>१५९-०७७।११।५</td><td>मैत्री वहुउद्देश्यीय सहकारी संस्था लि.</td><td>दाल,तेल,चामल,चिनी<br>लगायतका सामान</td><td>११२५२२।</td><td></td></tr>
<tr><td>४७०-०७८।३।३०</td><td>खडग छत्र मदिरा तथा किराना पसल</td><td>तेल,जिरा,लसुन,प्याज लगायतका सामान</td><td>६१७६९।</td><td></td></tr>
<tr><td>४६०-०७८।३।३०</td><td>विज्ञान एण्ड विक्रम स्टोर्स</td><td>चामल,ग्यास,चिउरा लगायत</td><td>३४०५०।</td><td></td></tr>
<tr><td></td><td>होटल पौवा प्रा.लि.</td><td>विविध</td><td>२५२३६।</td><td>अध्यक्षको लागि</td></tr>
<tr><td>३७८-०७८।२३</td><td>लुम्विनी गेष्ट हाउस</td><td>खाना,खाजा</td><td>६१७७५।</td><td>अध्यक्ष उपाध्यक्षको निवासमा अतिथिलाई खाजा खाना</td></tr>
<tr><td>२९७-०७८।२।२३</td><td>लुम्विनी गेष्ट हाउस</td><td>खाना नास्ता</td><td>१८५४०।</td><td>अध्यक्षको शिफारिसमा अतिथिहरुलाई खाजा नास्ता</td></tr>
<tr><td>२५९-०७८।१।१५</td><td>धुर्कोट होटल</td><td>खाजा खर्च</td><td>३८८३२५</td><td>अध्यक्ष र उपाध्यक्षको अतिथि सत्कार तथा खाजा खर्च</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७९१९११।</td><td></td></tr>
</table>
</td><td>७९१,९११</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.४ | | | **इन्धन र मोविल सुविधाः** स्थानीय तहका पदाधिकारी र सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ मा २०७७।३।२४ मा भएको संशोधन अनुसार गाउपालिका प्रमुख तथा उपप्रमुखलाई प्रयोग गर्ने सवारी साधनमा मासिक सवारी इन्धन १२० लिटर र मोविल त्रैमासिक ५ लिटर दिने व्यवस्था छ ।कार्यालयमा ३ वटा ४ पांग्रे सवारी साधन रहेकोमा एउटा अध्यक्ष दोस्रो उपाध्यक्ष र तेस्रो सवारीसाधन कार्यलय प्रयोजनको लागि प्रयोग गरेको देखियो। उल्लेखित सवारी साधनहरुमा कार्यालयले नियमित इन्धन सुविधा उपलव्ध गराउदै आएको पाइयो ।तर कार्यालयले देहाय अनुसार मासिक इन्धन खर्च र त्रैमासिक मोविल खर्च नगदै मासिक सुविधा रकममा समावेश गरी भुक्तानी दिने गरेको देखियो। अतःइन्धन सुविधा रु २९९५२०। नगदै भुक्तानी दिन मिल्ने नदेखिएको रु<br><br>सि.नं \| पदाधिकारीको नाम \| इन्धन तथा मोविल मासिक \| वार्षिक जम्मा<br>१ \| श्री भूपाल पोखरेल \| १२४८०। \| १४९७६०।<br>२ \| श्री शिव वहादुर खत्री \| १२४८०। \| १४९७६०।<br>जम्मा \| \| \| २९९५२०। | २९९,५२० |
| १० | | | **कानून निर्माण र कार्यान्वयन स्थिति** | |
| १०.१ | | | **कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म बनाएको ऐन, नियमावली, कार्यविधि लगायतको विवरण प्राप्त भएन । | |
| १०.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्षको १४ विवाद दर्ता भएकोमा सवै फछ्र्यौट भएको देखिन्छ । | |
| ११ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ११.१ | | | **कर्मचारी दरबन्दी र पदपूर्ती :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकातर्फ प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा २१ जना पदपूर्ती भएको र १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अत: रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **कर्मचारी करार :** नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(३) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने र दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ व्यवस्था छ । पालिकाले विभिन्न पदमा ५८ जना कर्मचारीहरु करारमा राखी रु. ८२०३३०७।- खर्च लेखेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरी खर्च लेखेको नियम सम्मत देखिएन । अत: गाउंपालिकाले कानुनमा उल्लेख भएका पदहरुमा मात्र करारमा कर्मचारी नियुक्ति गर्नुपर्दछ । | |
| १२ | | | **सम्पत्तिको अभिलेख उपयोग र संरक्षण** | |
| १२.१ | | | **सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालय तथा साविक गाउंपालिका । नगरपालिकाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन। हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत नराख्दा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा उक्त मालसामानहरुको अभिलेख तथा जिन्सी लगत खाता अद्याबधिक गरी प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| १२.२ | | | **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग** : गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पति र जग्गाको अभिलेख राखी अद्यावधिक गर्नुपर्ने, उक्त सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्नेमा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पति र जग्गाको अभिलेख राखी,उक्त सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्ने र सोको पालना गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.३ | | | **वडा कार्यालयहरुबाट फर्निचर खरिद** : गाउंपालिकाबाट खरिद गरिने जिन्सी सामानहरु पालिकाबाट खरिद गरि सोको जिन्सी दाखिला गर्नुपर्दछ।पालिकाले वडागत रुपमा वजेट विनियोजन गरी वडा मार्फत नै फर्निचर खरिद गरी सोको सोधभर्ना भुक्तानी दिएको देखियो । यसरी खरिद गरेको सामान वडाको जिन्सी खातामा दाखिला हुने तर गाउंपालिकाको जिन्सी खातामा आम्दानी नहुनाले पालिकाको जिन्सी सामानको यथार्थ विवरण जिन्सी खाताले देखाउन सक्तैन ।साथै वडागत रुपमा टुक्रा टुक्रा पारि खरिद गर्दा खरिदमा प्रतिष्पर्धा नहुने हुनाले पालिकाबाटै प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी जिन्सी खातामा आम्दानी बांधी माग फाराम अनुसार सहायक जिन्सी खातामा अभिलेख राखी वडा कार्यालयहरुलाई मालसामान दिनु पर्दछ । | |

| गो.भौ. नं. र मिति | वडा नं | विवरण | रकम |
|---|---|---|---|
| २५४।०७८।३।२८ | १ | टेवल दराज | १५०००० |
| २४३।०७८।३।२७ | ४ | कुर्सि टेवल | १५०००० |
| २३७।०७८।३।२६ | ७ | विभिन्न फर्निचर | १४९५५५ |
| २५७।०७८।३।२९ | ६ | टेवल कुर्सी | १२०९१० |
| २६४।०७८।३।२८ | ५ | विभिन्न फर्निचर | १५०००० |
| जम्मा | | | ७२०४६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कोभिड-१९ तर्फ** | |
| १३.१ | | | **आम्दानी खर्च** : गत बर्षको बांकी रु. ३५२३३९७।- र यस वर्षको आम्दानी रु. ८०८१५७६।- समेत जम्मा रु. भएकोमा यस वर्ष खर्च रु. १०१२६१४४।- भई बांकी मौज्दात रु. १४७८८२९।- देखिन्छ।पालिकाले कोभिड तर्फ छुट्टै कोष नराखी विपत व्यवस्थापन कोषमा नै आम्दानी खर्च राखेको देखियो । | |
| १३.२ | १७ | २०७७-५-१८ | वडा नं. २ मा रहेका ७ वटा क्वारेन्टाइमा रहेका व्यक्तिहरुको खाजा खाना बापत वडा सचिव सूर्य प्रसाद खनाललाई रु.७११७४२।- भुक्तानी गरेकोमा प्रत्येक क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको आएको र गएको खुल्ने हाजिरी प्रमाण पेश नभएको रु. | ६११,७४२ |
| १३.३ | १४ | २०७७-५-१० | वडा नं. ६ मा रहेका ७ वटा क्वारेन्टाइमा रहेका व्यक्तिहरुको खाजा खाना बापत वडा सचिव मीन बहादुर घर्तीलाई रु. ३०१३१५।- भुक्तानी गरेकोमा प्रत्येक क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको आएको र गएको मिति खुल्ने हाजिरी प्रमाण पेश नभएको रु. | |
| १३.४ | | | साथै इन्दिरा मा.वि. क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको खानामा रु. १३६२५०।- भुक्तानी भएकोमा सोको हाजिरी र बिल समेत पेश नभएको रु. | १३६,२५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **सेवा प्रवाह**<br>कार्यालयले यस वर्ष जन्मदर्ता ९५७,मृत्यूदर्ता २९९,वसाइसराई १२५,विवाह दर्ता २७३,सम्वन्ध विच्छेद ७ ,ग्राभेल सडक ३०० मीटर रहेको विवरण पेश गरेको छ । | |
| १५ | | | **ठेक्का नं. १५।०७६।७७ उदिना पिपलधारा नादी सडक निर्माण कार्य** | |
| १५.१ | ६ | २०७७-६-१८ | **निर्माण कार्य** : ठेक्का नं. १५।०७६।७७ उदिना पिपलधारा नादी सडक निर्माण कार्यको मूल्य अभिवृद्धि कर समेत लागत अनुमान रु. ५१८३२०७।३५ को कवोल अंक रु. २८८९६३१।८४ मा गुल्मेली कन्ट्रक्सन एण्ड सप्लायर्स संग २०७७।३।१५ मा काम सम्पन्न गर्ने गरी २०७६।११।१७ मा सम्झौता भएकोमा उक्त ठेक्काको म्याद २०७७।५।२७ थप भई २०७७।५।२५ मा काम सम्पन्न भई रु. २८८९६३१।८४ भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् : | |
| १५.२ | | | **खरिदमा सम्झौता कार्यान्वयनको अवस्था:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा बोलपत्रबाट हुने खरिदमा सम्झौता कार्यान्वयनको अवस्था अनुसार देहायका प्रकृया पालना गर्नुपर्ने व्यवस्था भएकोमा पालना भएको देखिएन । यसमा सुधार गर्नुपर्दछ ।<br>(क) पोष्ट बिड कन्फ्रेन्स गरेको छैन ।<br>( ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पेश नगरेको ।<br>(ग) प्रगति अनुगमन नगरेको ।<br>(घ) निर्माण कार्यस्थल सुम्पने गरेको छैन ।<br>(ङ ) कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको छैन ।<br>(च) बजेट र कस्ट एकाउन्टीङ्ग, वित्तीय व्यवस्थापन<br>(छ) संझौता कार्यान्वयनको आवधिक प्रतिवेदन | |
| १५.३ | | | **गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामानहरु सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान बनाउंदा प्रोभिजन राखेको भएपनि निर्माण सामग्री गुणस्तर परिक्षण नगराएकोले नियमसम्मत देखिएन । तसर्थ निर्माण भएको संरचना गुणस्तर भए नभएको एकिन गर्न सकिएन । अत: नियमानुसार निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण गर्नु पर्दछ । | |
| १५.४ | | | **बिमा**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु. १० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानी समेत बेहोर्ने गरी बिमा गर्नुपर्ने व्यवस्था छ । लगत अनुमान बनाउंदा बिमाको व्यवस्था गरेता पनि निर्माण व्यवसायीले उक्त ठेक्काको बिमा गराएको छैन । अत: नियमले तोके अनुसार बिमा गरी जोखिम न्यूनिकरण गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.५ | | | **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(२) मा खरिद संझौता बमोजिम निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जांचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था भएकोमा तयार गराएको नदेखिएकोले नियम सम्मत भएन । कार्यालयले उक्त प्रतिवेदन तयार गराई नियमको पालना गर्नु पर्दछ । | |
| १५.६ | | | **म्याद थपको निवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौताको अवधिभित्र काम सम्पन्न गर्न नसकिने भएमा निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । तर पालिकाले म्याद थपको निवेदनमा मिति उल्लेख गर्ने गरेको, दर्ता गरेको नदेखिएकोले नियम सम्मत देखिएन । अत: पालिकाले कानूनमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ । | |
| १६ | | | **ठेक्का नं. ३०।०७६।७७ कभर्डहल निर्माण कार्य** | |
| १६.१ | २८० | २०७८-३-३० | **निर्माण कार्य** : ठेक्का नं. ३०।०७६।७७ कभर्ड हल निर्माण कार्यको मूल्य अभिवृद्धि कर समेत लागत अनुमान रु. ५३१५३२१।७३ को कवोल अंक रु. ३५८२२२५।२० मा रकेट विल्डर्ससंग २०७७।३।३१ मा काम सम्पन्न गर्ने गरी २०७७।३।५ मा सम्झौता भएकोमा २०७८।५।३० सम्म म्याद थप भएकोमा सम्पन्न भई रु. ३५८०९२९।८९ भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् | |
| | | | प्रोजेक्ट नेपालसंग प्रमुख प्रशासकिय अधिकृतद्धारा सम्झौता नगराई पालिकाका अध्यक्ष स्वयमले सम्झौता गरेको देखियो । यसमा ध्यान दिनु जरुरी देखिन्छ ।<br><br>**ग) कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने र पृष्ठपोषणः** परियोजना विवरण अनुसार योग्यता र अनुभव प्राप्त कर्मचारी नियुक्ति गरि कार्यक्रम अनुसार हेफर प्रोजेक्टले परियोजनामा भएका कृयाकलाप सन्चालन गर्ने तथा पालिकाले प्रस्तावमा उल्लेख भए बमोजिमको बज्ट तोकिएको समयमा उपलब्ध गराउने र परियोजनाको अनुगमन, मूल्याङ्कन गर्ने र पृष्ठपोषण दिने व्यवस्था रहेको छ । तर पालिकाले २०७६।७७ देखि सन्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने र पृष्ठपोषण तथा निर्देशन दिने गरेको देखिएन । अतः कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरि पृष्ठपोषण र निर्देशन गरि कार्यक्रमलाई प्रभावकारी बनाइनु पर्ने देखियो ।<br>**घ) कर्मचारी परिचालनः** पालिकाले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु कार्यालयका कर्मचारीहरु परिचालनबाट गराएको हुनु पर्दछ । पालिकाले यस कार्यक्रमबाट कार्यान्वयन गर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्बन्धि तालिम कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुबाट नै गराउन सक्नेमा कर्मचारीहरुबाट नगराई परामर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन । अतः कार्यालयका कृषि शाखा तथा पशु सेवा शाखामा कार्यरत कर्मचारिहरुलाई प्रभावकारी रुपमा उपयोग गरिनु पर्दछ ।<br>**ङ) कार्यक्रमका साझेदारः** पालिकाको तोकिएका क्षेत्रहरुमा कार्यक्रम कार्यान्वयनकालागि हेफर प्रोजेक्टसंग सम्झौता गरेकोले सोही सम्झौताको पक्षले कार्यक्रम कार्यान्वयन गरेको हुनु पर्दछ । तर पालिकाको कार्यक्रम कार्यान्वयन गर्ने कार्य स्थानीय गैर सरकारी संस्था सृजनशिल सामुदायिक विकास केन्द्र, तम्घासबाट भएको देखियो । प्रस्ताव आह्वान गरि साझेदारी सम्झौतामा सहभागी भएको साझेदार हेफर प्रोजेक्ट नेपाल पालिकाबाट रकम भुक्तानी आफैं लिने तर कार्यक्रममा प्रत्यक्ष सहभागी नभई अन्य स्थानीय साझेदारबाट कार्यक्रम कार्यान्वयन गराएको देखियो । अतः पालिकामा सूचीकृत नभएको स्थानीय संस्थाबाट कार्यक्रम कार्यन्वयन गरेकोले प्रस्ताव छनौट भएको प्रस्तावदाताबाट कार्यान्वयन भएको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br><br>**च) क्षतिपूर्ती र बीमाः** कार्यक्रम कार्यान्वयनका क्रममा हुने हानी नोक्सानीबाट हुने क्षतिपूर्तीकालागी बीमा गराएको हुनु पर्दछ। सम्झौताको दफा १२ मा सम्झौता कार्यान्वयनका क्रममा सम्झौताका पक्षाहरु बीच कुनै पनि विवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरि विवाद समाधान गर्नुपर्ने र कार्य क्षेत्रमा हुन सक्ने कुनै पनि बाधा, व्यवधान, विवाद आदि समाधान गर्नु पालिकाको कर्तब्य हुने र यस प्रकारका गतिविधिबाट दोश्रो पक्ष हेफर, स्थानीय गैर सरकारी साझेदार संस्था, कर्मचारी तथा सो संग सम्बन्धित सरोकारवालाहरुलाई कुनै हानी नोक्सानी आदि भएमा सोको सम्पूर्ण खर्च, लागत, क्षतिपूर्ती आदिकव जिम्मेवारी प्रथम पक्ष गाउँपालिकाको हुने शर्त रहेको देखियो । कार्यक्रम कार्यान्वयनकालागी समग्र कार्यक्रमको बीमा गराइ जोखिम न्यूनिकरण गरिनु पर्नेमा प्रथम पक्ष कार्यालयलाई जिम्मेवार बनाइनु उचित देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.२ | | | **बिल विजकः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थाबाट मात्र गर्नु पर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु अ करमा दर्ता भएकाबाट गर्ने पर्ने व्यवस्था रहेको छ । त्यस्तै मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची-५ र ५क बमोजिमको ढाचामा कर विजक दिनुपर्ने व्यवस्था छ ।<br>पालिकाले यो वर्ष हेफर प्रोजेक्टलाई **रु १,६८,००,५११।-** भुक्तानी गरेको र हेफर प्रोजेक्टले स्थानीय साझेदार सृजनशिल सामुदायिक विकास केन्द्र मार्फत कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानीय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिल विजक माग नै नगरि कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अतः कानून अनुसार बिल विजक जारी नै नगरि आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । यसमा यथाशिघ्र सुधार गरिनु पर्दछ । | |
| ३०.३ | | | **ढुवानी करः** आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा १ अनुसार भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले हेफर प्रोजेक्टलाई यो वर्ष २०७७।७८ मा ५८१ गोटा बोका तथा बाख्रा खरिद र प्रति बाख्रा ढुवानी गर्न रु ४ सयका दरले ढुवानी भाडा रु २,३२,४००।- खर्च भुक्तानी गरेकोमा ढुवानी भाडामा कर रु २३,२४०।- कट्टि गरेको देखिएन। अतः उल्लिखित ढुवानी भाडमा कर कट्ट गरेको प्रमाण पेश गर्नु पर्ने रु | २३,२४० |
| ३०.४ | | | **खर्च अनुपात र खर्चको प्रमाणः** यसमा देहायको ब्यहोराहरु देखिएका छन् ।<br>**क) अनुपातिक खर्चः** पालिका र हेफर प्रोजेक्ट बिच भएको सम्झौता अनुसार कूल खर्चको पालिकाले ७५ प्रतिशत र हेफर प्रोजेक्टले २५ प्रतिशत व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । यो वर्ष पालिकाले प्रोजेक्टलाई रु १,६८,००,५११।- (७५ प्रतिशत) खर्च दिएकोले हेफरको तर्फबाट सोही अनुपातमा २५ प्रतिशतले हुने रकम रु ५१,९९,२७०।- खर्च गर्नु पर्नेमा रु ३५,७१,६६५।९४ (१७.२ प्रतिशत) मात्र खर्च गरेको विवरण पेश गरेकोले हेफरबाट सम्झौता अनुसारको अनुपातमा खर्च गरेको देखिएन । अर्थात हेफरबाट गरेको खर्च रु ३५,७१,६६५।९४ को अनुपातमा पालिकाबाट रु १,०७,१४,९९७।८२ मात्र दिनुपर्नेमा रु १,६८,००,५११।- दिएकोले रु ६०,८५,५१३।१८ दामाशाहीमा बढी भुक्तानी गरेको देखियो । यसबाट सम्झौताको अनुशरण भएको देखिएन ।<br>**ख) प्रमाणः** पालिका र हेफर प्रोजेक्ट बिच भएको सम्झौता अनुसार कूल खर्चको पालिकाले ७५ प्रतिशत र हेफर प्रोजेक्टले २५ प्रतिशत व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । यो वर्ष हेफर प्रोजेक्टबाट रु ३५,७१,६६५।९४ खर्च गरेको विवरण देखाएतापनि खर्चको पुष्टयाई हुने प्रमाणहरु लेखापरीक्षणमा पेश नभएकोले सम्झौता अनुसार हेफर प्रोजेक्टबाट यथार्थ खर्च भए नभएको यकिन हुन सकेन । यसमा सुधार गरिनु पर्दछ । | |
| ३०.५ | | | **बोका तथा बाख्रा खरिद र वितरणः** कार्यक्रम अन्तरगत वितरित बोका तथा बाख्रा सम्बन्धित लक्षित वर्गले प्राप्त गरेको हुनु पर्दछ । कार्यक्रम अन्तरगत २०७६।७७ मा १०० वटा र २०७७।७८ मा ५८९ वटा बाख्रा वितरण गरेको विवरणबाट देखियो । कार्यक्रम अन्तरगत भएका केही कृयाकलाप परिक्षणमा देहायको अवस्था देखिएकोले यसमा सुधार गरिनु पर्दछ ।<br><br>**क) खोर निर्माणः** पालिकाले हेफर प्रोजेक्टलाई खोर निर्माण कार्यको रकम भुक्तानी गर्दा खोर निर्माणको लागत अनुमान र कार्यसम्पन्न भएको नापीको मूल्याङ्कनको आधारमा तोकिएको नर्मसमा नबढ्ने गरि अनुगमनसमेत गरि भुक्तानी दिएको हुनु पर्दछ । कार्यक्रम अन्तरगत हेफर प्रोजेक्टलाई गत वर्ष ४७ र यो वर्ष ४०७ वटा खोर निर्माण गरेकोमा यो | ५६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | वर्ष ४०७ वटाको प्रति खोर रु १० हजारका दरले रु ४०,७०,०००।- खर्च भुक्तानी गरेकोमा खोर निर्माण कार्यको लागत अनुमान र नापीको मूल्याङ्कन तयार गरेको देखिएन । अतः खोर निर्माण कार्यको रकम भुक्तानी गर्दा नर्मस अनुसार कार्यसम्पन्न प्रतिवेदन र नापीको मूल्याङ्कन तयार गरि सोही आधारमा भुक्तानी गरिनु पर्दछ । त्यस्तै लेखापरीक्षणको क्रममा खोर निर्माण कार्यको अनुगमन गर्ने गरेको जानकारी दिएता पनि पालिकाका सम्बन्धित पशु सेवा शाखाका कर्मचारीहरु संलग्न हुने गरेको नदेखिएको र अनुगमन पश्चात अनुगमन प्रतिवेदन तयार गर्ने गरेकोसमेत देखिएन । अतः खोर निर्माण खर्च भुक्तानी गर्दा कार्यस्मपन्न प्रतिवेदन र नापीको मूल्याङ्कन एव अनुगमन गरि प्रतिवेदन तयार गर्ने तथा पृष्ठपोषणसमेत गरिनु पर्दछ ।<br><br>**ख) पशु बीमाः** कार्यक्रम अन्तरगत हालसम्म खरिद तथा वितरण गरिएका ६८ गोटा बोका तथा ६२१ गोटा पाठीसमेत ६८९ गोटा बाख्राको बिमा गरिएको हुनु पर्दछ । तर खरिद गरिएका बोका तथा पाठी बीमा गराएको प्रमाण देखिएन । श्रेस्ता कागजात परीक्षणको क्रममा देखिएका बाख्रा खरिद तथा वितरणको भरपाईहरुमा बीमाको ट्याग नम्बर उल्लेख नगरेको र बीउ बोका तथा बाख्रामा बीमाको ट्याग लगाएको देखिएन। यसबाट बीउ बोका तथा बाख्रामा हुने नोक्सानीको जोखिम न्यूनिकरण भएको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br>**ग) स्वास्थ्य परीक्षणः** कार्यक्रम अन्तरगर वितरण गरिने बीउ बोका तथा बाख्रा स्वस्थ रहेको हुनु पर्दछ । तर बाख्रा पालक कृषकहरुकालागी बितरीत बोका तथा बाख्राको उत्पादकत्व तथा स्वास्थ्य परीक्षण नगरि खरिद गर्ने गरेको देखियो । स्वास्थ्य तथा उत्पादकत्व परीक्षण पश्चात मात्र खरिद गरि वितरण गरिनु पर्दछ ।<br>**घ) बाख्रा खरिदः** बाख्रा खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को खरिद प्रक्रिया अवलम्बन गरिएको हुनु पर्दछ र कार्यक्रम कार्यान्वयनमा हेफर प्रोजेक्ट नेपाललाई प्रत्यक्ष रुपमा जिम्मेवार रहेको हुनु पर्दछ । बाख्रा खरिद गर्दा व्यवसायिक बाख्रा फार्मबाट नगरि अधिकांशमा घरायसी भरपाई गरेको देखियो । कार्यक्रम अन्तरगत बाख्रा खरिद गरि वितरण गरेको केही नमूना छनौट गरि सम्बन्धितसंग मोबाइल फोन सम्पर्क गरि सोधनी गरिएकोमा देहायको सूचना प्राप्त भएको छ । यस्तै अन्य खरिदमासमेत हुनसक्ने भएकोले गाउँपालिका स्वयमले यकिन गरि सम्बन्धितबाट रकम असुल गरिनु पर्दछ । साथै यस कार्यमा संलग्न रहेका हेफर प्रोजेक्टसमेत स्थानीय साझेदारलाई जिम्मेवार बनाउनु पर्दछ ।<br>**१** स्थानीय साझेदारले पालिकामा पेश गरेको खर्चको भौ न ६८ मा वाग्ला सामुदायिक बाख्रा उद्यम उपभोक्ता समितिले माधव भट्टराई तथा अमृत पाण्डेबाट ३७ वटा पाठी खरिद गरेको मध्ये १० वटा पाठी रु ६५००।- का दरमा खरिद गरेकोमा समितिलाई प्रतिगोटा रु ७ हजारले भुक्तानी गरेको देखाई हेफरको पेश्की फर्योट गरेको देखिएकोले बढी फर्योट गरेको रु ६०००।- रकम हेफरबाट असुल गर्नु पर्ने देखिएको रु ६०००।-<br><br>२ वाग्ला सामुदायिक बाख्रा उद्यम उपभोक्ता समिति मार्फत एउटै घरायसी भरपाई गराई रेसुङ्गाका बाख्रा व्यापारी माधव भट्टराई (९८४७१६७५७१) बाट १६ वटा, छत्रदेवका ब्यापारी अमृत पाण्डे (९८४७५२३०७७) बाट ४१ वटा, छत्रदेव-३ का भोजराज बन्जाडेबाट ११ वटा र दिपक कुँवरबाट २ वटासमेत ७० वठा बाख्रा खरिद गरी तौल परिमाण उल्लेख नै नगरि हचुवाका आधारमा प्रतिगोटा रु ७ हजारले रु ४,९०,०००।- मा खरिद गरेको देखाई खर्च लेखेको देखियो । बाख्रा ब्यवसायीबाट खरिद गर्दा बिल विजक जारी नगरी घरायसी भरपाईबाट खरिद गरेकोले नियमसम्मत देखिएन ।<br><br>३ स्थानीय साझेदारले पालिकामा पेश गरेको खर्चको भौ न ३६१ मा हाडहाडे सामुदायिक बाख्रा उद्यम उपभोक्ता समिति मार्फत मालारानी, मदाने र धुर्कोट-४बाट ५९ वटा पाठी प्रतिगोटा रु ७ हजारले रु ४,१३,०००।- मा खरिद गरेको देखाइ सोही आधारमा खर्च लेखेकोमा पाठीहरुको उमेर तौल परिमाण उल्लेख नै हचुवाको आधारमा खर्च लेखेको र उक्त समुहले बाख्रा खरिद गर्दा विक्रेताको नामबाट सवै विक्रेताको तर्फबाट एउटै लिपिको हस्ताक्षरबाट भरपाई गरिदिएको र बाख्रा प्राप्त गर्ने विभिन्न नामका प्रापकको तर्फबाटसमेत एउटै हस्ताक्षरबाट भरपाई गरिदिएको देखियो । यसबाट खर्चको पारदर्शिता तथा यथार्थता स्पष्ट हुन नसकेकोले पालिकाले यकिन गर्नु पर्दछ ।<br><br>४ धुर्कोट-३ का शान्ता खत्री (९८४९९२३९९५) लाई फोन सम्पर्क गरि सोधनी गरिएकोमा निजलाई २०७६।७७ मा हेफरको दिदि समुहबाट २ वटा पाठी उपहार प्राप्त गरेको र २०७७।७८ मा पुनः हेफरबाट २ वटा पाठीकालागी रु १४,०००।- नगदै दिएकोले बाख्रा खरिद गरेको भनाइ रहेकोले एकै व्यक्तिलाई दोहोरो सुविधा दिएको र नगदै वितरण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमासमेत बाख्रा खरिद र विक्रि गरेको देखाई घरायसी भरपाई गरेकोले नियमसम्मत देखिएन ।<br><br>५ स्थानीय साझेदारले पालिकामा पेश गरेको खर्चको भौ न ३६० मा बाख्रा खरिद (Goat placement) शिर्षकबाट पाठी तथा बीउ बोका खरिद गरि वितरण गर्नु पर्नेमा पीपलधारा सामुदायकि बाख्रा उद्यम उपभोक्ता समितिलाई रु ८,५०,०००।- र हाडहाडे सामुदायिक बाख्रा उद्यम उपभोक्ता समितिलाई रु ८,५०,०००।- गरि रु १७,००,०००।- हाडहाडेले उक्त खर्च बोका खरिदमा रु १,५०,०००।- र पीपलधाराले रु १,५०,०००।- गरि रु १३००,०००।- मात्र खर्च गरेको र बाँकी रु १४,००,०००।- बाख्रा खरिद बाहेक खोर निर्माण, तौल मेशिन , मीनिटिलर, ट्याग मेशिन, समुह गठन जस्ता कार्य शीर्षकमा खर्च गरेकोले सम्झौताको खर्च शिर्षक अनुसार देखिएन । त्यस्तै उल्लिखित दुवै समहुको खर्च प्रमाण परिक्षण गर्दा रु ८,२५,०००।- ले रु १६,५०,०००।- को मात्र खर्चका प्रमाण भएकोमा रु ८,५०,०००।- का दरले रु १७,००,०००।- पेश्की फर्यौट गरेको देखियो । यस्तै अन्य खर्चमासमेत बढी भुक्तानी हुन सक्ने भएकोले पालिका स्वयमले यकिन गरि असुल गर्नुपर्दछ । साथै बढी पेश्की फर्यौट गरेको रु ५०,०००।- हेफर प्रोजेक्टबाट असुल गर्नु पर्ने देखिएको रु ५०,०००।- | |
| ३१ | | | **कोभिड विशेष कृषि कार्यक्रम** | |
| ३१.१ | | | **कार्यक्रम खर्चः** कोभिडको महामारीका कारण कृषि क्षेत्रमा परेको प्रभाव न्यूनीकरणकालागी ग्रामिण रोजगारी सिर्जना र आय आर्जनमा सघाउने उद्देश्यले प्रदेश सरकारले कोभिड विशेष कृषि कार्यक्रम सन्चालन गर्न स्थानीय तहलाइ सशर्त अनुदानमा बजेट व्यवस्था गरि साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रिमा अनुदान, एक स्थानीय तह एक उत्पादन कार्यक्रम र कृषि पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम स्थानीय तहबाट गराउने उद्देश्यले स्थानीय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ कार्यान्वयनमा रहेको देखियो ।<br>यस कार्यक्रम अन्तरगत एक स्थानीय तह एक उत्पाद न कार्यक्रममा रु १७ लाख, विदेशबाट फर्किएका युवाहरुलाई उत्पादन सामाग्रीमा अनुदान रु २० लाख र साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानतर्फ विनियोजन रु १७ लाख ५० हजारसमेत विनियोजन रु ५४ लाख ५० हजार भएकोमा क्रमशः रु १७,००,०००।- , रु २०,००,०००।- र रु १५,४३,१८०।- समेत रु ५२,४३,१८०।- ( ९६.२ प्रतिशत ) खर्च गरेको देखिएकोले कार्यक्रम तोकिए बमोजिम कार्यान्वयन नगर्ने कर्मचारीलाई जिम्मेवार बनाइनु पर्दछ । यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | **कोभिड प्रभावित लक्षित वर्गलाई अनुदानः** स्थानियतह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को नियम १९ को उपनियम ६ अनुसार परिवारको कुनै पनि सदस्य बैदेशिक रोजगारमा नभएको नेपाल भित्र सरकारी अर्ध सरकारी वा निजी क्षेत्रमा रोजगारमा नभएको र स्वरोजगारबाट मासिक आय रु १० हजार भन्दा बढी नभएको र हालैको कोभिडको कारण विदेशबाट फर्केको परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने गरी स्थानीय तहले प्राथमिकता दिनु पर्ने व्यवस्था छ । त्यस अनुसार कार्यालयले कार्यक्रम अन्तरगत कोभिड प्रभावित भई विदेशबाट फर्किएका कृषकहरुलाई उत्पादन सामाग्रीमा दिईने अनुदान सम्बन्धीत लक्षित वर्गले पाएको हुनु पर्दछ ।<br>कार्यक्रम अन्तरगत विभिन्न १०० जना युवा कृषकहरुलाई रु २० लाख अनुदान दिएकोमा १७ जना भारत गई फर्केको जनाएकोमा भारतमा गएर काम गरेको कुनै प्रमाण नदेखिएको, १ जना दुबई गएको, एक जना मलेसिया गएको देखाएकोमा दुवै जनाको पासपोर्ट नै नभएको र फर्केको प्रमाण पनि नभएको, ४ जना दुबई गएको उल्लेख गरि पासपोर्ट नंम्बर राखेकोमा विदेश गएको वा फर्केको प्रमाण नभएको र एक जना जंग बहादुर खवासको पासपोर्ट भएको र विदेश गएको देखाएको तर फर्केको प्रमाण देखिएन । यसबाट विदेशबाट फर्किएका वास्तविक लक्षित वर्गले अनुदान पाउन सकेको अवस्था देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ । | |
| ३१.३ | | | **यन्त्र उपकरणको स्पेशफिकेशनः** साना कृषि ओजार तथा यन्त्र उपकरण अनुदान कार्यक्रम अन्तरगत उपकरणहरु खरिद गर्दा मन्त्रालयले सिफारिस गरि निर्धारण गरेको मूल्य भन्दा बढी नहुने गरि खरिद गरेको हुनु पर्दछ । कार्यक्रम चालु तथा पूँजीगत खर्च शिर्षक अन्तरगत विभिन्न उपकरण खरिद गरेको विजकको आधारमा ५० प्रतिशत मूल्य अनुदान रु १५,४३,१८०।- खर्च गरेको देखियो । अष्ट दिप एग्रो ईन्जिनियरिङ्ग र गिरिधारी कृषि मेशिनरी सप्तालयर्सबाट मिनिटिलर, चापाकटर, कर्नसेलर, राईस मिल ह्यामर मिलसमेत कृषकद्धारा खरिद गरि ५० प्रतिशत अनुदान रु १५,४३,१८०।- वितरण गरेको देखियो । तर विक्रेताले उपकरणको बीलमा स्पेशिफिकेशन उल्लेख गर्ने नगरेकोले सम्बन्धित मन्त्रालयद्धारा तोकिए भन्दा बढी दरमा उपकरणको विजक जारी भए नभएको यकिन गर्न सकिएन । कृषकहरुद्धारा खरिद Rice Mill Hammer Mill खरिदमा स्पेशिफिकेशन उल्लेख नगरेको र प्रदेश सरकारद्धारा प्रकाशित मूल्यसूचीमा समावेश नभएकोमा अष्टदिप एग्रो ईन्जिनियरिङ्गले रु ४५ हजार र गिरीधारी कृषि मेशिनरी सप्लायर्सले रु ४० हजारमा विजक जारि गरि विक्रि गरेकोले मूल्य विश्लेषण गर्न सकिएन । अतः यन्त्र उपकरण खरिद गर्दा उपकरणको स्पेशिफिकेशन स्पष्ट गराइ खरिद गरिनु पर्दछ । | |
| ३१.४ | | | **अनुगमन मूल्याङ्कन र सम्झौता कार्यान्वनयः** यसमा निम्न ब्यहोराहरु देखियो ।<br>**क) अनुगमन र मूल्यांकनः** उक्त कार्यविधिको दफा ६(३) अनुसार स्थानीय तहले कार्यक्रम सन्चालनकोलागी आवश्यक प्राविधिक सहयोग र अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने गराउने व्यवस्था छ । त्यस्तै सोही कार्यविधिको दफा ११ मा मा सम्बन्धित स्थानीय तहले कार्यक्रम सन्चालन र सम्पन्न भए पश्चात अनुगमन तथा मूल्याङ्कन र उपलब्धी मापन गरि प्रतिवेदन गर्नुपर्ने, चौमासिक र वार्षिक रुपमा कार्यक्रमको प्रगति विवरण तयार गरि मन्त्रालयमा पेश गर्नु पर्ने, कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य प्रदेश सभाको विषयगत विषयगत समिति तथा सम्बन्धित क्षेत्रका माननीय सदस्यहरु, मन्त्रालय, निर्देशनालय र मातहत कार्यालयबाट समेत गरिने र यस बमोजिम निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गरि दिएको निर्देशनको अनुदानग्राही र स्थानीय तहले पालना गर्नु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको देखिएन । अतः निर्देशिका अनुसार कार्यक्रमको अनुगमन मूल्याङ्कन गरि कार्यक्रमलाई प्रभावकारी बनाईनु पर्दछ ।<br>**ख) सम्झौता कार्यान्वयन र अनुगमनः** कार्यालयले अनुदानग्राहीसंग गरेको सम्झौताका शर्तहरुको कार्यान्वयन पूर्णतः कार्यान्वयन भएको हुनु पर्दछ । अनुदानग्राहीसंगको सम्झौतामा अनुदानग्राहीले नियमित रुपमा प्रगति विवरण लागयत तथ्यांङ्कहरु अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । तर अनुदानग्राहीहरुले त्यस अनुसार तथ्याङ्क तथा प्रगति विवरणहरु पेश गर्ने गरेको देखिएन र कार्यालयलेसमेत त्यस अनुसार माग तथा अनुगमन गर्ने र अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.५ | | | **कार्यक्रमको दिगोपना र निरन्तरता :** कार्यालयद्वारा सन्चालित कार्यक्रमहरु निरन्तर र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनु पर्दछ । एक स्थानीय तह एक उत्पादन कार्यक्रममा रु १७ लाख, विदेशबाट फर्किएका युवाहरुलाई उत्पादन सामाग्रीमा अनुदान रु २० लाख र साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानतर्फ विनियोजन रु १७ लाख ५० हजारसमेत विनियोजन रु ५४ लाख ५० हजार भएकोमा कार्यक्रम अन्तरगत रु ५२,४३,१८०।- खर्च गरेको देखियो । तर कार्यक्रमको निरन्तरता र दिगोपना हुने गरी कार्यान्वयन गरेको देखिएन । अत: अनुदान कार्यक्रमको दिगोपना र निरन्तरता हुनेगरि प्रभावकारी बनाइनु पर्दछ । | |
| ३२ | | | **मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम** | |
| ३२.१ | | | **बजेट र खर्चः** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तरगत कार्यक्रम सन्चालनकालागि पूँजीगततर्फ रु १७ लाख, चालुतर्फ रु ४० लाख ५० हजार र प्रशासनिक खर्च रु २ लाख ५० हजारसमेत विनियोजन रु ६० लाख भएकोमा खर्च रु ५४ लाख ३४ हजार १७७ (९०.५७ प्रतिशत) भएको देखियो । यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२.२</td><td></td><td></td><td> उपभोक्ता समितिबाट तालिम तथा अनुदान सामाग्री खरिदः मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम अन्तरगत कार्यक्रम सन्चालन गर्दा कार्यालयका सम्बन्धीत शाखाका कर्मचारीहरुद्धारा गराइनु पर्दछ । तर पालिकाले कार्यक्रम अन्तरगत कृषकहरुको आय आर्जनकालागी उपभोक्ता समितिहरु गठन गरी अनुदानमा वितरण गरिने सामान खरिद तथा तालिम सन्चालन गरेको देखियो । यसरि उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वन गराउँदा प्रस्ताव मागको सूचना प्रकाशन गर्ने तथा प्रस्ताव छनौट गर्ने नगरि सोझै उपभोक्ता समितिलाई कार्यक्रम कार्यान्वियन गर्न दिने गरेको देखियो । यसमा कार्यालयले ध्यान दिनु जरुरी देखिन्छ । यसका उदाहरणहरु देहाय अनुसार छन् ।
<table>
<tr><th>सि न</th><th>भौ न र मिति</th><th>कार्यक्रम/उपभोक्ता समितिको नाम</th><th>खर्च</th></tr>
<tr><td>1</td><td>११-२०७८।३।२</td><td>आय आर्जनकालागी तरकारी खेती कार्यक्रम</td><td>391830</td></tr>
<tr><td>2</td><td>८-२०७८।२।२६</td><td>आय आर्जनकालागी मौरीपालन कार्यक्रम</td><td>399000</td></tr>
<tr><td>3</td><td>२०-२०७८।३।२१</td><td>आय आर्जनकालागी तरकारी खेती कार्यक्रम</td><td>400000</td></tr>
<tr><td>4</td><td>२१-२०७८।३।२२</td><td>लगनशिल महिला उद्यम लोकल कुखुरा पालन कार्यक्रम</td><td>400000</td></tr>
<tr><td>5</td><td>२२-२०७८।३।२३</td><td>आय आर्जनकालागी कुखुरा पालन कार्यक्रम</td><td>400000</td></tr>
<tr><td>6</td><td>२३-२०७८।३।२३</td><td>आय आर्जनकालागी भैंसी पालन कार्यक्रम</td><td>373000</td></tr>
<tr><td>7</td><td>२५-२०७८।३।२३</td><td>पिलधारा सकृय कृषिसमुह</td><td>395000</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>2758830</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२.३</td><td></td><td></td><td> आय आर्जनकालागी भैंसी पालन कार्यक्रमः कार्यालयले भैंसी पालक कृषकहरुलाई गोठ सुधार कार्यक्रम अन्तरगत वितरण गर्ने नगद अनुदान बैंक खाता मार्फत वितरण गरेको हुनु पर्दछ । कार्यालयले कार्यक्रम सन्चालनका गर्न आय आर्जनकालागी भैंसी पालन कार्यक्रम उपभोक्ता समिति मार्फत गोठ तथा नश्ल सुधार खर्च रु ३,७३,०००।- गरेको मध्ये उपभोक्ता समितिका अध्यक्ष कृष्ण कुँवरले गोठ सुधारकालागी प्रति व्यक्ति रु १३ हजारका दरले १९ जनालाई रु २,४७,०००।- नगदै वितरण गरेको देखियो । गोठ सुधारकालागी उपभोक्ता समिति मार्फत नगदै अनुदान पाउने १९ कृषक मध्ये देहाय अनुसार ३ जनालाई फोन सम्पर्क गरिएकोमा २ जनाले रु ३५००।- घटी अनुदान पाएको जानकारी गराए । यस्तै अन्य कृषकहरुमासमेत हुन सक्ने भएकोले कार्यालय स्वयमले यकिन गरि घटी वितरण गरेको भए उपभोक्ता समितिबाट फिर्ता गरिनु पर्दछ । साथै उपभोक्ता समितिले घटी वितरण गरेको अनुदान उपभोक्ता समितिबाट असुल गर्नु पर्ने देखिएको रु
क) अनुदानग्राही टेकमाया राना (९८६९७९३८८७) लाई मोवाइलबाट सोधनी गर्दा रु १० हजार मात्र पाएको जानकारी भएकोलै बढी खर्च लेखेको रु ३०००।-<br>ख) अनुदानग्राही गुनाखर पोख्रेल (९८४७२०८६०३) लाई सोधनी गर्दा रु १२,५००।- मात्र पाएको जानकारी भएकोले बढी खर्च लेखेको रु ५००।-<br>ग) अनुदानग्राही चिरन्जिवि पोख्रेल (९८६९५३७६३९) लाई सोधनी गर्दा रु १३ हजार नै पाएको जानकारी भयो । </td><td>३,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.४ | ११ | २०७८-३-२ | **आय आर्जनकालागी व्यवसायिक तरकारी खेती कार्यक्रमः** यसमा देहायको व्यहोराहरु देखिएका छन् ।<br><br>**क)** गो भौ न ११-२०७८।३।२ बाट कार्यक्रम अन्तरगत ब्यावसायिक तरकारी खेतीकालागी सामान खरिद गरि वितरण गर्ने र तालिम दिने कार्य आयआर्जनकालागी तरकारी खेती कार्यक्रम उपभोक्ता समिति मार्फत गराइ रु ३,९१,८३०।- खर्च लेखेको देखियो । सो मध्ये लक्ष्मी एग्रो सप्लायर्सको २ थान बीलबाट २० वटा प्लाष्टिक टनेल रु १,६२,४०८।- लक्ष्मी एग्रो सेन्टरको बील अनुसार हजारी, थोपा सिंचाई ड्रम, ब्याट्री स्प्रेयर २०/२० वटाको २,११,०००।- समेत रु ३,७३,४०८।- खर्चबाट खरिद सामाग्री २० जना सहभागीहरुलाई वितरण गरेको मध्ये ३ जनाले सामानको नाम र संख्या नलेखेको खाली कागजमा भरपाई गरेको, एक जनाले सामानको संख्या चढाएको बुझेको नदेखिएको र एक जनाको नाम मात्र रहेको सामान पनि नलगेको र भरपाई पनि नगरेकोले प्रति व्यक्ति रु १८,६७०।४० का दरले ५ जनाको सामाग्री वितरणको खर्च रु ९३,३५२।- नियमसम्मत नदेखिएको रु<br><br>**ख)** गो भौ न २०-२०७८।३।२१ बाट कार्यक्रम अन्तरगत ब्यावसायिक तरकारी खेतीकालागी सामान खरिद गरि वितरण गर्ने र तालिम दिने कार्य आयआर्जनकालागी तरकारी खेती कार्यक्रम उपभोक्ता समिति मार्फत गराइ रु ४,००,०००।- खर्च लेखेको देखियो । सो मध्ये लक्ष्मी एग्रो भेटको बील अनुसार हजारी स्प्रेयर र ६*१० साइजका १९ वटा प्लाष्टिक टनेल रु २१०२५५।- मा र जयराम हार्डवेयरबाट ५०० ली को पानी टैंकी २९ वटाको रु १५३७७१।- र खरिद सामाग्रीको ढुवानी खर्चसमेत रु ४ लाख खर्च लेखेको देखियो । तर उक्त सामाग्रीहरु सम्बन्धीत कृषकहरुलाई वितरण गरेको सम्पर्क नम्बरसमेतको भरपाई बेगर रु ४ लाख खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु<br><br>**ग)** गो भौ न २५-२०७८।३।२३ बाट तरकारी खेतीकालागी पिपलधारा सकृय कृषि समुह मार्फत वडा न २ मा तरकारी खेतिकालागी सामान खरिद गरि वितरण गर्ने र तालिम दिने कार्य कालागी रु ४,००,०००।- खर्च लेखेको देखियो । सो मध्ये पुष्पान्जली एग्रो सप्तालयर्सको २ वटा बील अनुसार ६*१० को टनेल १६ वटा, ब्याट्री स्पेयर ६ वटा, ६*२० साइजको प्लाष्टिक टनेल २ वटाको रु १,१७,८२०।- तथा पुष्पान्जली भेट सप्लायर्सबाट प्लाष्टिक गुमोज १५ वटा रु १५ हजारमा, तारपोलिनको त्रिपाल रु ९६,०५४।- समेत रु २,२९,७७४।- का सामानहरु वितरण गरेको देखिएकोमा वितरण गरेको प्रमाण वेगर रु ३,४७,५९४।- खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु | ८४०,९४६ |
| ३२.५ | | | **अनुगमन मूल्याङ्कन र दिगोपनाः** यसमा देहायका व्यहोराहरु रहेका छन् ।<br>**क) अनुगमन तथा मूल्याङ्कनः** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सन्चालन कार्यविधि, २०७५ को दफा २.१ मा निर्देशक समितिले आफ्नो स्थानीय तहमा सन्चालित कार्यक्रम वा परियोजना स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन भए नभएको अनुगमन गरी त्यसको प्रतिवेदन स्थानीय तहमा दिनु पर्ने र अनुगमनको मासिक प्रतिवेदन व्यवस्थापन समिति र समन्वय इकाइमा पठाउनु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार अनुगमन प्रतिवेदन बनाएको छैन र बार्षिक खरिद योजना तयार गरेको पनि देखिएन । बार्षिक प्रगति प्रतिवेदन तयार नगरेकोले भौतिक र आर्थिक प्रगतिको विश्लेषण गर्न सकिएन । यसमा सुधार गरिनु पर्दछ ।<br>**ख) कार्यक्रमको दिगोपनाः** कार्यालयले सन्चालन गरेका कार्यक्रमहरुको निरन्तरता र दिगोपना रहेको हुनु पर्दछ । कार्यक्रम अन्तरगत सन्चालित क्रियाकलापहरुको निरन्तरता र दिगोपना रहेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ३३ | | | **सुरक्षित नागरिक आवाश कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.१ | | | **निकासा र खर्च:** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरेको छ । यस पालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी बजेट रु २० लाख ५२ हजार रहेकोमा खर्च रु १९,९६,०००/- खर्च लेखेकोमा देहायको व्यहोराहरु देखिएका छन् ।<br>**क) सुविधा:** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।<br>**ख) कार्य प्रगति:** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्षको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ । | |
| ३३.२ | | | **अन्यत्रको सुविधा:** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस विषय यकिन नगरि अनुदान उपलब्ध गराएको देखियो । यसमा सुधार गरिनु पर्दछ । | |
| ३३.३ | १६६, १६७, २२८ र २२९ | २०७८-३-३० | **किस्ता भुक्तानी:** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरेको छ । कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता, काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ ।<br>गा पा लाई खरको छानारहित बनाउने कार्यक्रम अनुसार कार्यालयले विभिन्न वडाका १०३ घर परिवारलाई पहिलो किस्ता स्वरुप रु १२,०००/- का दरले रु १२,३६,०००।- र २० परिवारलाई दोश्रो किस्ता स्वरुप रु ३८,०००।- ले रु ७,६०,०००।- ;समेत रु १९,९६,०००।- अनुदान दिएको देखियो । घर निर्माण गर्न आवश्यक पर्ने जस्तपाता र काठ लगायतका सामाग्री खरिद गर्न दिनु पर्ने ६० प्रतिशतले हुने रु ३० हजार नदिई २४ प्रतिशतले रु १२ हजारमात्र दिएकोले कार्यविधि अनुसार नभएको र उक्त रकम घर निर्माणमा प्रयोग नगरी अन्यत्र खर्च हुन सक्ने देखिन्छ । अतः कार्यविधि अनुसार ६० प्रतिशत रकम नदिएकोले कार्यविधि सम्मत देखिएन । अतः पहिलो किस्ता दिएको १०३ जनाको घर निर्माण भएको कार्यसम्पन्न प्रतिवेदन र प्राविधिक प्रतिवेदन पेश गर्नु पर्ने रु | १,२३६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | ४९ | २०७७-१०-१३ | **खरको छानामुक्त कार्यक्रम**<br>कार्यक्रम खर्च र कार्यसम्पन्न प्रतिवेदनः सरकारी रकम खर्च लेख्दा खर्च पुष्ट्याई हुने खर्चका वील भरपाई र प्रमाण कागजात संलग्न राखेको हुनु पर्दछ । कार्यक्रम अन्तरगत २५ जनालाई ६५१ गोटा (८१.३८ वण्डल) जस्तापाता रु ९२०६९५।- खरिद गरि वितरण गरेकोमा जस्तापाता प्रयोग गरी घर निर्माण सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन र प्राविधिक प्रतिवेदन तयार गरेको देखिएन । अतः जस्तापाता प्रयोग गरि घर निर्माण भएको कार्यसम्पन्न प्रतिवेदन र प्राविधिक प्रतिवेदन पेश गर्नु पर्ने देखिएको रु | ९२०,६९५ |
| ३५ | | | **निशुल्क पाठ्यपुस्तक वितरण कार्यक्रम** | |
| ३५.१ | | | **पाठ्यपुस्तक वितरणः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले पाठ्यपुस्तक निकासा दिनुपर्ने ४४ वटा विद्यालयहरुकालागी यो वर्ष बजेट रु २८,७२,०००।- भएकोमा रु २८,६२,८१७/- निकासा खर्च गरेको देखियो । यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ३५.२ | | | **कार्यक्रम कार्यान्वयनः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । शिक्षा तथा मानवश्रोत विकास केन्दंबाट प्रकाशित आ व २०७७।७८ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा कृयाकलाप न ३.१ मा उल्लिखि व्यवस्था कार्यान्वयनमा देहायको अवस्था देखिएकोले सुधार गरिनु पर्दछ । ।<br>१ IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यपित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्षुस्तकको संख्या यकिन गर्ने उल्लेख भएकोमा त्यस अनुसार अभिलेख अद्यावधिक गराएको देखिएन ।<br>२ यकिन संख्याको आधारमा दोश्रो चद्यमासिकमा विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र २०७८ बैसाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरि नपुग रकम मात्र थप अनुदान दिने व्यवस्था रहेकोमा त्यस अनुसार हुने गरेको देखिएन ।<br>३ विद्यार्थीले शैक्षिक सत्रको शुरुमै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहबाट गर्नु पर्ने व्यवस्था रहेकोमा अनुगमन गर्ने गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.३ | | | **पाठ्यपुस्तकमा निकासाः** कार्यालयले विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तकको रकम निकासा गर्दा यथार्थ खर्चको आधारमा निकासा दिएको हुनु पर्दछ । कार्यालयले विद्यालयहरु लाई निशुल्क पाठ्यपुस्तकको रकम निकासा गरेको ४४ वटा मध्ये ५ विद्यालयको विवरण तथा बील भरपाई परिक्षण गर्दा देहाय अनुसार देखिएकोले यथार्थ पाठ्यपुस्तक अनुदान यकिन गर्न सकिएन । यसमा कार्यालय स्वयमले यकिन गरि बढी निकासा दिएको भए असुल गर्नु पर्दछ । यसमा सुधार गरिनु पर्दछ ।<br><br>**क) वाग्ला माध्यामिक विद्यालयः** विद्यालयलाई रु १,५६,०६३।- पाठ्यपुस्तक निकासा दिएकोमा कक्षा ३,४ र ५ का ७४ जना विद्यार्थीहरुलाई पुस्तक वितरण गरेकोमा एउटै भरपाईमा नामावली तथा बुझेको विद्यार्थीको एउट हस्ताक्षरबाट विद्यार्थीको भरपाई गरेको, कक्षा १ र २ का २९ जना विद्यार्थीको नामावली एकै पानामा राखी एउटै हस्ताक्षरबाट भरपाई गरिदिएको, कक्षा ८ को ३५ जना विद्यार्थीको पनि एउटै हस्ताक्षरबाट भरपाई गरिदिएको र त्यस्तै अन्य सबै कक्षाका विद्यार्थीहरुको भरपाईसमेत सोही अनुसार गरेकोले सम्बन्धीत विद्यार्थीले यथार्थमा पाएको पुस्तक यकिन गर्न सकिएन ।<br>**ख)निन्यखर्क माध्यामिक विद्यालयः** विद्यालयलाई पाठ्यपुस्तक निकासा रु १,५४,३४४।- दिएकोमा कक्षा नौ का ४५ विद्यार्थीहरुले पुस्तक बुझेको भरपाई नभएको र अन्य कक्षाका बुझेको भरपाइमा पिन एकै व्यक्तिले सबैको नाम लेखिदिएको देखियो ।<br>**ग)इन्दिरा माध्यामिक विद्यालयः** यस विद्यालयलाई रु १,१३,५१६।- पाठ्यपुस्तक निकासा दिएकोमा विद्यार्थीहरुले पाठ्यपुस्तक बुझेको भरपाई नभएकोले खर्च यकिन भएन ।<br>**घ) धुर माध्यामिक विद्यालयः** यस विद्यालयलाई पाठ्यपुस्तक खरिदकालागि रु १,१३,५१६।- निकासा दिएकोमा विद्यार्थीले बुझेको भरपाई नभइ विद्यार्थीको हाजिर उतार हा हा हा गरि पेश गरेको देखियो ।<br>**ङ) हिमालय माध्यमिक विद्यालयः** उक्त विद्यालयलाई पाठ्यपुस्तक खरिदकालागी रु २,११,८५७।- निकासा दिएकोमा सबै कक्षाका विद्यार्थीको भरपाई विद्यार्थीको नाम लेखेर एउटै हस्ताक्षरबाट बुझेको देखियो । | |
| ३६ | | | **लागत साझेदारीमा बाख्रा वितरण कार्यक्रम** | |
| ३६.१ | २३३ र ४७८ | २०७८-३-३० | **कार्यक्रम खर्चः** कार्यक्रम अन्तरगत यो वर्ष विनियोजन रु १० लाख भएकोमा विनियोजन बमोजिम खर्च रु १० लाख गरेको मध्ये ४ वटा बोका र १०८ वटा पाठी खरिदमा रु ८ लाख ९० हजार खर्च गरेकोमा निम्न व्यहोराहरु देखिएका छन् । | |
| ३६.२ | | | **लागत साझेदारी खर्चः** लागत साझेदारीमा पशुपन्छ प्रवर्द्धन कार्यक्रम सन्चालन प्रकृया सम्बन्धि मार्ग दर्शन, २०७७ को अनुससूची ७ अनुसार लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम ५ पकेट समूहमा प्रति समुह १० जना कृषकलाई प्रति परिवार ५ माउ बाख्रा गरि २५० वटा माउ बाख्राकालागी कार्यक्रम र पालिकाको अनुदानको ५० प्रतिशत र बाख्रापालक कृषकको ५० प्रतिशत सहभागीतामा कार्यक्रम सन्चालन गरिएको हुनु पर्दछ । कार्यविधिको उल्लिखित ब्यवस्था अनुसार कार्यक्रमबाट रु १० लाख र र पालिकाबाट रु १० लाख गरि रु २० लाख सम्म र सोही बराबर वा सो भन्दा बढी रकम साझेदार पशुपालक कृषकको लगानीमा २५० वटा बाख्रा खरिद गरि ५० कृषक लाभान्वित गरिएको हुनु पर्दछ ।<br>साथै पालिकाबाट रु ५ लाख र संघीय कार्यक्रमबाट रु ५ लाख लगानी मा कार्यक्रम कार्यान्वनय गरि तर कार्यालयले १०४ वटा माउ बाख्रा र ४ वटा बोका खरिदमा रु १०,७६,७५०।- लगानी गरेकोले कार्यविधि अनुसार २५० वटा खरिद नगरेकोले कार्यक्रम कार्यान्वियन कार्यविधि अनुसार भएको देखिएन । यसमा सुधार गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.३ | | | **मार्गदर्शन र सम्झौता कार्यान्वयनः** लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसन्चालन प्रक्रिया सम्बन्धी मार्गदर्शन, २०७७ बूँदा ५ मा तोकिएको नर्मसको पालना भएको हुनु पर्दछ । यसमा निम्न व्यहोराहरु छन् ।<br>**क) खरिद कार्यक्रम कार्यान्वयनः** मार्ग दर्शनको बूँदा न ५ (१) मा लागत साझेदारीमा पशुपालन प्रबर्द्धन कार्यक्रम संचालन गर्न अनुसूची ७ बमोजिम पालिकाले पकेट समुह गठन गरि प्रति पकेट ५ वटा समुहका १० कृषकलाई प्रति कृषक १० वटा माउ बाख्रा वितरण गर्नु पर्ने व्यवस्था भएकोले यस पालिकाले २५० वटा बाख्रा खरिद गरि कृषकहरुलाई वितरण गरेको हुनु पर्दछ । तर पालिकालाई उपलब्ध बजेट बाट १०४ बाख्रा र ४ वटा बोका मात्र खरिद गरेकोले मार्गदर्शन अनुसार तोकिएको संख्यामा बाख्रा खरिद गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br>**ख) पशु बीमा र विनियोजन खर्चः** मार्ग दर्शनको बूँदा न ५ (२) मा कार्यक्रमकोलागी बजेट विनियोजन तथा रकम खर्च गर्दा विनियोजित बजेटबाट ८० प्रतिशत रकम पशु खरिदमा, तालिम गोष्ठी भ्रमण अनुगमन र प्रशासनिक कार्यमा बढीमा १० प्रतिशत र उल्लिखित बाहेकका अनुसूची ६ मा उल्लेखित कार्यक्रम सम्पादन गर्न सम्भावित कृयाकलापहरुमा १० प्रतिशत सम्म खर्च गर्न सकिने र त्यस अनुसार खरिद भएका पशुको अनिवार्य बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम अन्तरगत १०८ बाख्रा र ४ वटा भैंसी खरिद गरेकोमा मार्गदर्शन अनुसार बीमा गराएको देखिएन । अतः लागत साझेदारीमा खरिद गरिएका बाख्राहरुको मार्गदर्शन अनुसार अनिवार्य बीमा गराई जोखिम न्यूनिकरण गरिनु पर्दछ ।<br>**ग) प्रगति विवरणः** अनुदानग्राहीसंगको सम्झौताको दफा ९ मा दोश्रो पक्षले चौमासिक रुपमा कार्यक्रमको प्रगति उपलब्धी एवं कारोबार सम्बन्धी विवरण स्थानीय तहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेकोमा त्यस अनुसार गरेको देखिएन र कार्यलयलेसमेत त्यसतर्फ ध्यान दिएको देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ । | |
| ३६.४ | | | **बढी अनुदानः** लागत साझेदारीमा पशुपन्छ प्रवर्द्धन कार्यक्रम सन्चालन प्रकृया सम्बन्धि मार्ग दर्शन, २०७७ को अनुससूची ७ अनुसार लागत साझेदारीमा बाख्रपालन प्रवर्द्धन कार्यक्रम ५ पकेट क्षेत्रका समूहमा प्रति समुह १० जना कृषकलाई प्रति परिवार १० वटा गरि २५० वटा बाख्राकालागी कार्यक्रम र पालिकाको अनुदानको ५० प्रतिशत र बाख्रापालक कृषकको ५० प्रतिशत सहभागीतामा कार्यक्रम सन्चालन गरिएको हुनु पर्दछ । कार्यविधिको उल्लिखित ब्यवस्था अनुसार कार्यक्रमबाट रु ५ लाख हजार र पालिकाबाट रु ५ लाख गरि रु १०लाखसम्म र सोही बराबर वा सो भन्दा बढी रकम साझेदार पशुपालक कृषकको लगानीमा २५० वटा बाख्रा खरिद गरि ५० कृषक लाभान्वित हुनु पर्नेमा १०८ वटा बाख्रा र ४ वटा बोका खरिद गरि बाख्रापालक कृषक श्री मिन बहादुर केसीसमेत ५८ कृषकहरुलाई रु ८,९०,०००।- अनुदान दिएको देखियो ।<br>कार्यालयले अनुदानग्राही ५८ जना अनुदानग्राहीलाई १०४ वटा बाख्रा खरिद मूल्य रु १०,७६,७५०।- का बाख्रा बोका वितरणमा अनुसूची १ अनुसार रु ५,३८,३७५।- अनुदान दिनुपर्नेमा रु ८,९०,०००।- अनुदान दिएकोले बढी अनुदान दिएको रु ३,५१,६२५।- देखियो । तर त्यस अनुसार दिन मिल्ने आधार प्रमाण पेश नभएकोले सम्बन्धीत अनुदानग्राहीबाट असुल गरिनु पर्ने देखिएको रु | ३५१,६२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.५ | | | **अनुगमन मूल्याङ्कनः** लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम सन्चालन प्रक्रिया सम्बन्धी मार्गदर्शन, २०७७ को परिच्छेद ६ बूँदा ९ मा स्थानीय तहले संचालित कार्यक्रममा उपलब्ध गरेको रकमको समूह समिति सहकारीमा सदुपयोग भए नभएको र लक्ष्य अनुसार प्रगति भए नभएको बारेमा वा अन्य आवश्यक प्राविधिक विषयमा कृषि क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्राविधिक संलग्न हुने गरि गठित कार्यदलले अनुगमन र मूल्याङ्कन गरि आफ्नो राय र सुझाव स्थानीय तहमा पेश गर्नुपर्ने र अनुगमन तथा मूल्याङ्कन कार्यमा जिल्ला स्थित पशु सेवा हेर्ने निकायलाइ संलग्न गराउन सक्ने व्यवस्था छ । तर कार्यालयले त्यस अनुसार अनुगमन मूल्याङ्कन गरि प्रतिवेदन तयार गर्ने गरेको देखिएन । अतः मार्गदर्शन अनुसार अनुगमन र मूल्याङ्कन गरि पृष्ठपोषण सहितको प्रतिवेदन तयार गर्ने गरिनु पर्दछ । | |
| ३७ | | | **लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम** | |
| ३७.१ | २३५ र ४७९ | २०७८-३-३० | **कार्यक्रम खर्चः** कार्यक्रम अन्तरगत यो वर्ष विनियोजन रु २१ लाख ७० हजार भएकोमा विनियोजन बमोजिम खर्च रु २३ लाख २० हजार गरेको मध्ये ५० वटा भैंसी खरिदमा विनियोजन बमोजिम खर्च गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ३७.२ | | | **मार्गदर्शन र सम्झौता कार्यान्वयनः** लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसन्चालन प्रक्रिया सम्बन्धी मार्गदर्शन, २०७७ बूँदा ५ मा तोकिएको नर्मसको पालना भएको हुनु पर्दछ । यसमा निम्न व्यहोराहरु छन् ।<br><br>**क) खरिद कार्यक्रम कार्यान्वयनः** मार्ग दर्शनको बूँदा न ५ (१) मा लागत साझेदारीमा पशुपालन प्रबर्द्धन कार्यक्रम संचालन गर्न अनुसूची ७ बमोजिम पालिकाले पकेट समुह गठन गरि प्रति पकेट ५ वटा समुहका १० कृषकलाई प्रति कृषक २ मुर्रा वा मुर्रा क्रस भैंसी वितरण गर्नु पर्ने व्यवस्था भएकोले यस पालिकाले १०० वटा भैंसी खरिद गरि भैंसी पालक कृषकहरुलाई वितरण गरेको हुनु पर्दछ । तर पालिकालाई उपलब्ध बजेटबाट एक राँगो र ५० वटा भैंसी मात्र खरिद गरेकोले मार्गदर्शन अनुसार तोकिएको संख्यामा भैंसी खरिद गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br>**ख) पशु बीमा र विनियोजन खर्चः** मार्ग दर्शनको बूँदा न ५ (२) मा कार्यक्रमकोलागी बजेट विनियोजन तथा रकम खर्च गर्दा विनियोजित बजेटबाट ८० प्रतिशत रकम पशु खरिदमा, तालिम गोष्ठी भ्रमण अनुगमन र प्रशासनिक कार्यमा बढीमा १० प्रतिशत र उल्लिखित बाहेकका अनुसूची ६ मा उल्लेखित कार्यक्रम सम्पादन गर्न सम्भावित कृयाकलापहरुमा १० प्रतिशत सम्म खर्च गर्न सकिने र त्यस अनुसार खरिद भएका पशुको अनिवार्य बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम अन्तरगत एक राँगो र ५० वटा भैंसी खरिद गरेकोमा मार्गदर्शन अनुसार बीमा गराएको देखिएन । अतः लागत साझेदारीमा खरिद गरिएका भैंसीहरुको मार्गदर्शन अनुसार अनिवार्य बीमा गराई जोखिम न्यूनिकरण गरिनु पर्दछ ।<br>**ग) प्रगति विवरणः** अनुदानग्राहीसंगको सम्झौताकोमा दोश्रो पक्षले चौमासिक रुपमा कार्यक्रमको प्रगति उपलब्धी एवं कारोबार सम्बन्धी विवरण स्थानीय तहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेकोमा त्यस अनुसार गरेको देखिएन र कार्यलयलेसमेत त्यसतर्फ ध्यान दिएको देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ ।<br>**घ) सम्झौतामा बीमाः** सम्झौतामा भैंसीको अनिवार्य बीमा गरेको हुनु पर्ने व्यवस्था छ । तर कार्यालयले त्यस अनुसार अनुदान दिएकोमा बीमा गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।<br>ङ) भैंसी प्राप्त गर्ने र भैंसी बिक्री गर्ने व्यापारी विसौ बगिया पशु खरिद विक्रि केन्द्रको सम्पर्क नम्बर नरहेकोले खरिद तथा वितरणको विवरण विश्लेषण गर्नु सकिएन । यसमा सुधार गरिनु पारदर्शी बनाइनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.३ | | | **लागत साझेदारी खर्चः** लागत साझेदारीमा पशुपन्छ प्रवर्द्धन कार्यक्रम सन्चालन प्रकृया सम्बन्धि मार्ग दर्शन, २०७७ को अनुससूची ७ अनुसार लागत साझेदारीमा भैंसीपालन प्रवर्द्धन कार्यक्रम ५ पकेट भैंसीपालक समूहमा प्रति समुह १० जना कृषकलाई प्रति परिवार २ वटा गरि १०० वटा मूर्रा वा मूर्राक्रस क्रस भैंसीकालागी कार्यक्रम र पालिकाको अनुदानको ५० प्रतिशत र भैंसीपालक कृषकको ५० प्रतिशत सहभागीतामा कार्यक्रम सन्चालन गरिएको हुनु पर्दछ । कार्यविधिको उल्लिखित ब्यवस्था अनुसार कार्यक्रमबाट रु १८ लाख ७५ हजार र पालिकाबाट रु १८ लाख ७५ हजार गरि रु ३७ लाख ५० हजारसम्म र सोही बराबर वा सो भन्दा बढी रकम साझेदार पशुपालक कृषकको लगानीमा १०० वटा भैंसी खरिद गरि ५० कृषक लाभान्वित गरिएको हुनु पर्दछ ।<br>तर कार्यालयले संघिय श्रोतबाट रु २१ लाख ७० हजार विनियोजन भएकोमा पालिकामा बजेट अभाव देखाइ वडा कार्यालयको बजेटबाट रु १ लाख ५० हजार गरी रु २३लाख २० हजारबाट ५० वटा भैंसी खरिद गरेकोले कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन भएन । साथै भैंसी खरिदमा मा रु २३ लाख २० हजार अनुदान खर्च गरेकोले पालिकाबाट रु ११,६०,०००।- र संघीय कार्यक्रमबाट रु ११,६०,०००।- लगानी गर्नु पर्नेमा पालिकाको वडा बजेटबाट रु १,५०,०००।- खर्चगरि अरु संघीय कार्यक्रमबाटमात्र गरेकोले नियमसम्मत नदेखिएको रु | १,०१०,००० |
| ३७.४ | | | **बढी अनुदानः** लागत साझेदारीमा पशुपन्छ प्रवर्द्धन कार्यक्रम सन्चालन प्रकृया सम्बन्धि मार्ग दर्शन, २०७७ को अनुससूची ७ अनुसार लागत साझेदारीमा भैंसीपालन प्रवर्द्धन कार्यक्रम ५ पकेट क्षेत्रका ५ वटा भैंसीपालक समूहमा प्रति समुह १० जना कृषकलाई प्रति परिवार २ वटा गरि १०० वटा मूर्रा वा मूर्राक्रस क्रस भैंसीकालागी कार्यक्रम र पालिकाको अनुदानको ५० प्रतिशत र भैंसीपालक कृषकको ५० प्रतिशत सहभागीतामा कार्यक्रम सन्चालन गरिएको हुनु पर्दछ । कार्यविधिको उल्लिखित ब्यवस्था अनुसार कार्यक्रमबाट रु १८ लाख ७५ हजार र पालिकाबाट रु १८ लाख ७५ हजार गरि रु ३७ लाख ५० हजारसम्म र सोही बराबर वा सो भन्दा बढी रकम साझेदार पशुपालक कृषकको लगानीमा १०० वटा भैंसी खरिद गरि ५० कृषक लाभान्वित हुनु पर्नेमा एक राँगो र ५० वटा भैंसी रु २९ लाख ७५ हजारमा खरिद गरि भैंसीपालक कृषक श्री राधा पोख्रेलसमेत ५० कृषकहरुलाई रु १९,३५,०००।- अनुदान दिएको देखियो ।<br>कार्यालयले अनुदानग्राही ५० जना अनुदानग्राहीलाई एक राँगो र ५० वटा भैंसी रु २९ लाख ७५ हजारमा खरिद गरि वितरण गरेकोमा देहाय अनुसार रु १४,८७,५००।- अनुदान दिनुपर्नेमा रु १९,३५,०००।- अनुदान दिएकोले बढी अनुदान दिएको रु ४,४७,५००।- मा त्यस अनुसार भुक्तानी दिन मिल्ने आधार प्रमाण नदेखिएकोले अनुसूची - २ अनुसार सम्बन्धीत अनुदानग्राहीबाट असुल गरिनु पर्ने देखिएको रु | ४४७,५०० |
| ३७.५ | | | **अनुगमन मूल्याङ्कनः** लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम सन्चालन प्रक्रिया सम्बन्धी मार्गदर्शन, २०७७ को परिच्छेद ६ बूँदा ९ मा स्थानीय तहले संचालित कार्यक्रममा उपलब्ध गरेको रकमको समूह समिति सहकारीमा सदुपयोग भए नभएको र लक्ष्य अनुसार प्रगति भए नभएको बारेमा वा अन्य आवश्यक प्राविधिक विषयमा कृषि क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्राविधिक संलग्न हुने गरि गठित कार्यदलले अनुगमन र मूल्याङ्कन गरि आफ्नो राय र सुझाव स्थानीय तहमा पेश गर्नुपर्ने र अनुगमन तथा मूल्याङ्कन कार्यमा जिल्ला स्थित पशु सेवा हेर्ने निकायलाइ संलग्न गराउन सक्ने व्यवस्था छ । तर कार्यालयले त्यस अनुसार अनुगमन मूल्याङ्कन गरि प्रतिवेदन तयार गर्ने गरेको देखिएन । अतः मार्गदर्शन अनुसार अनुगमन र मूल्याङ्कन गरि पृष्ठपोषण सहितको प्रतिवेदन तयार गर्ने गरिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्रका वडाहरुमा सडक भवन मर्मत कुलो गोरेटो बाटो तटबन्धन निर्माण घेरबार कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४४५ जनालाई रोजगारी उपलव्ध गराई रु २२९३६५३४।- ज्याला भुक्तानी गरेको छ । उक्त ज्याला भुक्तानी गर्दा नापी किताब अनुसार कामको मूल्यांकनको आधारमा रु . ११९९४४००।- भुक्तानी गर्नुपर्नेमा हाजिरीको आधारमा रु.२२९३६५३४।- भुक्तानी गरेकोले रु १०९४२१३४।- बढी भुक्तानी गरी व्ययभार पारेको नियमसम्मत नदेखिएको रु.

<table>
<tr><th>क्र.सं.</th><th>वडा नं.</th><th>योजना संख्या</th><th>कामदार संख्या</th><th>कामदार दिन</th><th>भुक्तानी रकम</th><th>कामको मुल्यांकन/ नापि अनुसार हुने कामदार संख्या</th><th>कामको मूल्यांकन अनुसार गर्नुपर्ने भुक्तानी</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>१</td><td>14</td><td>73</td><td>7118</td><td>3679835</td><td>2003</td><td>1035551</td><td>2644284</td></tr>
<tr><td>२</td><td>२</td><td>15</td><td>62</td><td>6200</td><td>३२०५४००</td><td>१७३६</td><td>897512</td><td>2307888</td></tr>
<tr><td>३</td><td>३</td><td>२९</td><td>62</td><td>6140</td><td>३१७४३८०</td><td>४२०३</td><td>2172951</td><td>1001429</td></tr>
<tr><td>४</td><td>४</td><td>२०</td><td>62</td><td>6200</td><td>३२०५४००</td><td>२५२०</td><td>1302840</td><td>1902560</td></tr>
<tr><td>५</td><td>५</td><td>१२</td><td>62</td><td>6115</td><td>३१६१४५५</td><td>५५४७</td><td>2867799</td><td>293656</td></tr>
<tr><td>६</td><td>६</td><td>१३</td><td>62</td><td>6392</td><td>३३०४६६४</td><td>३३६८</td><td>1741256</td><td>1563408</td></tr>
<tr><td>७</td><td>७</td><td>२०</td><td>62</td><td>6200</td><td>3205400</td><td>3823</td><td>1976491</td><td>1228909</td></tr>
<tr><td></td><td></td><td>123</td><td>445</td><td>44365</td><td>22936534</td><td>23200</td><td>11994400</td><td>10942134</td></tr>
</table>

</td><td>१०,९४२,१३४</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>

**वडा कार्यालयको राजश्व असुली र दाखिला**

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.१ | | | **राजश्व रकम ढिला दाखिलाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । त्यस्तै सोही बमोजिम प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २४ को उपदफा २ मा १० दिनसम्म ढिलो गरेको भए १० प्रतिशत र १० दिन भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवान र विभागीय कारवाहीसमेत गरिने उल्लेख छ ।<br>कार्यालयले तयार गरि लेखापरीक्षणार्थ पेश गरेको राजश्व आम्दानी तथा दाखिला विवरण अनुसार तोकिएको समयमा नगद दाखिला हुने नगरेकोमा जरिवाना तथा कुनै कारवाही गर्ने गरेको देखिएन । पालिका कार्यालयले वडाहरुमा नगदि रसिद काटिने जनाएको भएता पनि पालिकाको आय शाखाबाट आम्दानी तथा बैक दाखिलाको दैनिक भीडान गर्ने गरेको नदेखिएकोले यथार्थ आम्दानी तथा दाखिला भिडान हुन सक्ने अवस्था देखिएन । पालिकाले तयार गरि पेश गरेको आम्दानी दाखिलाको विवरणमा लकडाउन नभएको अवधि श्रावण देखि चैत्रमहिनासम्मको दाखिला विवरण परीक्षण गरिएकोमा अनुसूची ३ मा उल्लेख भए अनुसार राजश्व आम्दानी ढिला दाखिला गरेको देखिएकोले सोही अनुसार अन्य वडा तथा कार्यालयमा समेत हुनसक्ने भएकोले कार्यालय स्वयमले यकिन गरि जरिवाना असुल गर्नु पर्दछ । साथै यसमा सुधार गरि अनुसूची अनुसारको जरिवाना असुल गर्नु पर्ने देखिएको रु | ९३,०६२ |
| ३९.२ | | | **सघिय सन्चित कोष दाखिलाः** पालिकाले संकलन गरेको संघिय सन्चित कोषमा दाखिला गर्नु पर्ने राजश्व तोकिए बमोजिमको अवधि भित्र सन्चित कोष दाखिला गरेको हुनु पर्दछ । पालिकाले संकलन गरेको संघिय सन्चित कोष दाखिला गर्नु पर्ने राजश्व रु ५,६७,४९५।- संघिय सन्चित कोष दाखिला नगरि पालिकाको स्थानीय सन्चित कोष दाखिला गरेको देखियो । अतः उक्त रकम संघिय सन्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु | ५६७,४९५ |
| ३९.३ | | | **बक्यौता अभिलेखः** कार्यालयले आफुले संकलन गर्न बाँकि राजश्वको बक्यौताको अभिलेख लगत अद्यावधिक गरि राखेको हुनु पर्दछ । तर कार्यालयले गत विगतमा असुल गर्न बाँकी बक्यौताको अभिलेख राखेको देखिएन । अतः असुल गर्न बाँकी राजश्वको बक्यौता अभिलेख अद्यावधिक गर्नु पर्दछ । | |
| ३९.४ | | | दाखिला बाँकीः पालिकाले वडा कार्यालयहरुबाट संकलन गरेको राजश्व स्थानीय सन्चित कोषमा दाखिला गरेको हुनु पर्दछ । कार्यालयले तयार गरि पेश गरेको वडागत राजश्वको बार्षिक विवरण अनुसार वडा न ३ का नारायण पन्थीले २०७७ चेत्रमा रु २०,०२२।- र २०७८ बैसाखमा रु ३,६००।- समेत रु २३,६२२।- दाखिला देखाएकोमा दाखिला भौचर नभएकोले पेश गर्नु पर्ने देखिएको रु | २३,६२२ |
| ४० | | | **आय ठेक्का व्यवस्थापन** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>आय ठेक्काः पालिकाले यो वर्ष देहाय अनुसार नदीजन्य ठेक्का लगाई आय संकलन गरेकोमा देहायको ब्यहोराहरु देखिएका छन् ।
<table>
<tr><th>सि न</th><th>व्यवसायी</th><th>कबोल अङ्क</th><th>मु अ कर</th><th>छुट</th><th>बुझाउनु पर्ने</th><th>बुझाएको रु</th><th>बाँकी</th></tr>
<tr><td>1</td><td>जोगमा विल्डर्स</td><td>101000</td><td>13130</td><td>10100</td><td>104030</td><td>90900</td><td>13130</td></tr>
<tr><td>2</td><td>आकृति मालिका कन्स्ट्रक्सन</td><td>318000</td><td>41340</td><td>0</td><td>359340</td><td>103000</td><td>256340</td></tr>
<tr><td>3</td><td>रकेट विल्डर्स</td><td>1125000</td><td>146250</td><td>112500</td><td>1158750</td><td>1012500</td><td>146250</td></tr>
<tr><td>4</td><td>पोख्रेल निर्माण सेवा</td><td>500555</td><td>65073</td><td>0</td><td>565628</td><td>275150</td><td>290478</td></tr>
<tr><td></td><td>जम्मा</td><td>2044555</td><td>265793</td><td>122600</td><td>2187748</td><td>1481550</td><td>706198</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>ठेक्का रकम दाखिलाः ब्यवसायीहरुले कबोल गरेको रकम तोकिएको अवधि भित्र दाखिला गरेको हुनु पर्दछ । तर उल्लेखित मध्ये आकृति मालिका कन्स्ट्रक्सनले मु अ कर बाहेक कबोल अङ्क रु ३१८०००।- मध्ये रु १०३०००।- मात्र बुझाएकोले रु २१५०००।- बाँकी रहेको र पोखरेल निर्माण सेवाको मु अ कर बाहेकको कबोल अङ्क रु ५,००,५५५।- मध्ये रु २९०४७८।- दाखिला गरेकोले रु २,२५,४०५।- बाँकी रहेको कानून बमोजिम ढीला दाखिलामा हर्जानासमेत असुल गर्नु पर्ने देखिएको रु</td><td>४४०,४०५</td></tr>
<tr><td>४०.३</td><td></td><td></td><td>मु अ कर असुलीः पालिकाले उल्लिखित अनुसार नदिजन्य पदार्थ विक्रि गर्दा मु अ कर ऐन, २०५३ अनुसार १३ प्रतिशत मु अ कर रु २,६५,७९३।- असुल गरी संघीय सन्चित कोषमा दाखिला गर्न पर्नेमा असुल गरेको देखिएन । अतः उल्लेखित निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने देखिएको रु</td><td>२६५,७९३</td></tr>
<tr><td>४०.४</td><td></td><td></td><td>सम्झौताको शर्तः कार्यालयले नदीजन्य पदार्थ संकलनकालागी गर्ने व्यवसायीसंगको सम्झौतामा तोकिएको समयमा किस्ता नबुझाएमा जरिवाना लाग्ने व्यव स्था गरिएको हुनु पर्दछ । तर कार्यालयले व्यवसायीसंग गरेका आय ठेक्का सम्झौतामा उक्त शर्तहरु राखेको देखिएन । आय ठेक्का सम्झौतामा ढीला दाखिलामा जरिवानाको शर्त नराखेकोले व्यवसायीहरुले तोकिएको समयमा ठेक्का रकम दाखिला गर्ने गरेका छैनन् । अतः आय ठेक्का सम्झौता गर्दा तोकिएको समयमा किस्ता नबुझाई ढीला गरेमा जरिवाना लाग्ने व्यवस्था गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.५</td><td></td><td></td><td>धरौटी जफतः खड्का माटो सप्लायर्सले नदिजन्य पदार्थको ठेक्का रु १६,०५,०००।- कबोल गरेकोमा सम्झौता गर्न नआएकोले निजको विड गर्दा राखेको धरौटी रु ८०२५०।- जफत गर्नुपर्नेमा जफत नगरेकोले जफत गरि सन्चित कोष दाखिल गर्नुपर्ने देखिएको रु</td><td>८०,२५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०.६</td><td></td><td></td><td>बैंक जमानतः बैंक जमानतः कार्यालयले आय संकलनमा लगाएको ठेक्का सम्झौताको समयमा दाखिला गर्न बाँकी किस्ताको जमानतकालागी बैंक जमानत लिएको हुनु पर्दछ । तर कार्यालयले केहीसंग बैंक जमानत लिने गरेको देखिएन । बैंक जमानत भएको ब्यवसायीहरुकोसमेत निर्धारीत समयमा किस्ता नबुझाउँदा जमानत जफत गरि राजश्व असुल गर्न सकेको देखिएन । अतः आय ठेक्काको सम्झौताको समयमा दाखिला गर्न बाँकी किस्ताको बैंक जमानत माग गरि सुधार गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>वडा समिति वैठक भत्ता<br>कार्यालयले वडा समितिको वैठक भत्ता भुक्तानी गर्दा वडाध्यक्ष १,वडा सदस्य ४,तथा वडा सचिव १ समेत ६ जनाको समितिमा रहेका पदाधिकारीहरुलाई भुक्तानी गर्नु पर्दछ ।सो समितिका पदाधिकारी वेगरका देहायका कर्मचारीहरुलाई वैठक भत्ता दिन मिल्ने नदेखिएको रु
<table>
<tr><th>भौ नं मिति</th><th>कर्मचारीको नाम</th><th>वैठक संख्या</th><th>दर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४०५-०७८।३।२६</td><td>ना.प्रा.स. श्री भावना महत</td><td>१२</td><td>१०००</td><td>१२०००</td></tr>
<tr><td></td><td>का.स.श्री कृष्ण व.थापा</td><td>१</td><td>१०००</td><td>१०००।</td></tr>
<tr><td>१७७-०७७।११।२३</td><td>प्रा.श्री ज्ञान प्रसाद उपाध्याय</td><td>१२</td><td>१०००</td><td>१२०००</td></tr>
<tr><td></td><td>प.प्रा. श्री गणेश थापा</td><td>१२</td><td>१०००</td><td>१२०००।</td></tr>
<tr><td></td><td>का.स.श्री दुर्गा नगरकोटी</td><td>१</td><td>१०००</td><td>१०००</td></tr>
<tr><td>२४८-०७८।१।१२</td><td>कृ.प्रा.श्री रामचन्द्र सुनार</td><td>८</td><td>१०००</td><td>८०००।</td></tr>
<tr><td></td><td>का.स.श्री शोभाकर खनाल</td><td>१</td><td>१०००</td><td>१०००।</td></tr>
<tr><td>४०४-०७८।३।२६</td><td>ना.प्र.से.प्रा.श्री निरज जि.सी.</td><td>४</td><td>१०००</td><td>४०००।</td></tr>
<tr><td></td><td>का.स.श्री नेत्र प्र.भण्डारी</td><td>१</td><td>१०००</td><td>१०००।</td></tr>
<tr><td>४०८-०७८।३।२७</td><td>कृ.पा.श्री सीता खनाल</td><td>१०</td><td>१०००</td><td>१००००।</td></tr>
<tr><td></td><td>का.स.श्री प्रेम चन्द्र भण्डारी</td><td>१</td><td>१०००</td><td>१०००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६३</td><td>१०००</td><td>६३०००।</td></tr>
</table></td><td>६३,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **तलवी प्रतिवेदन**<br>निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ मा तलवी प्रतिवेदन पारित गरेर मात्र तलव तथा ग्रेड खर्च लेख्नु पर्ने व्यवस्था छ। कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता खर्च लेखेको छ। यसरी तलवी प्रतिवेदन पारित नगरी लेखेको तलव भत्ता खर्च सम्वन्धमा एकिन गर्न सकिएन ।तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ। | |
| ४३ | | | **कार्यसम्पादन वैठक भत्ता**<br>कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरेवापत कर्मचारीहरुलाई वैठक भत्ता दिने व्यवस्था देखिंदैन ।कार्यालयले विभिन्न कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्दा वैठक वसेको जनाइ गो.भौ.नं ७८ मिति २०७७।८।२४ वाट देहाय अनुसार रु ६००००।भत्ता भुक्तानी गरेको देखियो ।अतः नियममा व्यवस्था नभएको अवस्थामा देहायका कर्मचारीहरुलाई का.स.मू.वैठक भत्ता भुक्तानी गरेकोले कर कट्टा पछिको उक्त रकम रु ५१०००। असुल गर्नुपर्ने रु | ५१,००० |

| पदाधिकारीको नाम | वैठक संख्या | भत्ता दर | रकम | भुक्तानी |
|---|---|---|---|---|
| जि.स.अ.श्री विजय कुमार कार्की | ५ | १५०० | ७५०० | ६३७५। |
| प्र.प्र.अ.श्री काशीराम पन्थी | ६ | १५०० | ९००० | ७६५०। |
| प्र.अ.श्री उद्धव पन्थी | ५ | १५०० | ७५०० | ६३७५। |
| शा.अ.श्री योगराज अर्याल | ५ | १५०० | ७५०० | ६३७५। |
| अधिकृत छैंठौ गिरीराज अर्याल | ९ | १५०० | १३५०० | ११४७५। |
| अधिकृत छैंठौ श्री मधु प्रसाद घिमिरे | ५ | १५०० | ७५०० | ६३७५। |
| ख.श्री रेशमलाल भुसाल | ५ | १५०० | ७५०० | ६३७५। |
| जम्मा | ४० | १५०० | ६०००० | ५१०००। |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>दोहोरो भत्ता<br>कार्यालयले भत्ता खर्च लेख्दा दोहोरो नपर्ने गरी भुक्तानी गर्नु पर्दछ।देहायका पदाधिकारीहरुलाई भ्रमणमा रहेको अवधिमा वैठक भत्ता रु ७५००। भुक्तानी गरेकोले कर कट्टा पछिको रकम रु ६३७५।असुल गर्नु पर्ने रु
<table>
<tr><th>भौ.नं मिति</th><th>पदाधिकारीको नाम</th><th>भ्रमण अवधि</th><th>स्थान</th><th>वैठकमिति</th><th>वैठक भत्ता</th><th>वैठक संख्या</th></tr>
<tr><td>१६४-०७७।१।१६</td><td>अध्यक्ष श्री भूपाल पोखरेल</td><td>५।११-५।१५</td><td>वुटवल</td><td>५।११</td><td>१२७५</td><td>१</td></tr>
<tr><td></td><td>अध्यक्ष श्री भूपाल पोखरेल</td><td>६।१९-६।२५</td><td>काठमाडौं</td><td>६।२१</td><td>२५५०</td><td>२</td></tr>
<tr><td>४८८-०७८३।२०</td><td>अधिकृत छैंठौ<br>श्री गिरीराज अर्याल</td><td>३।६-३।१२</td><td>वुटवल</td><td>३।७<br>३।१०</td><td>१७००</td><td>२</td></tr>
<tr><td>६४-०७७।८।१८</td><td>ले.अ.<br>श्री प्रकाश गौतम</td><td>५।५-५।११</td><td>वुटवल</td><td>५।११</td><td>८५०</td><td>१</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>६३७५</td><td></td></tr>
</table></td><td>६,३७५</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६.१ वमोजिम स्थानीय सेवाको गठन संचालन व्यवस्थान सेवाका सर्त तथा सुविधा सम्वन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम व्यवस्था छ।त्यस्तै अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ वमोजिम अतिरिक्त समय र विदाको दिन काम गर्दा अर्थ मन्त्रालयवाट नर्मस स्वीकृत गराइ खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को ५ मा प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयवाट स्वीकृति लिनु पर्ने व्यवस्था छ।स्थानीय तहले कानून नवनाइ यो वर्ष रु ५८२२७०।प्रोत्साहन भत्ता खर्च लेखेकोले थप व्ययभार पर्न गएको रु</td><td>५८२,२७०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा १४(२)मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा पाउने व्यवस्था देखिंदैन। त्यसैगरी भ्रमण खर्च नियमावली २०६४ मा समेत अनुगमन खर्च दिने व्यवस्था रहेको पाइदैन।यसरी ऐन नियममा व्यवस्था नभएकोमा देहाय वमोजिम लेखेको अनुगमन खर्च रु ५६९५००।- नियम सम्मत नदेखिएको रु.

<table>
<tr><th>भौ नं मिति</th><th>पदाधिकारीको नाम</th><th>दिन</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>४९०-०७८।३।३०</td><td>अध्यक्ष श्री भूपाल पोखरेल लगायत १० जना</td><td>२०६</td><td>१५००</td><td>३०९०००।</td></tr>
<tr><td>३१७-०७८।३।१७</td><td>उपाध्यक्ष शिव वहादुर खत्री लगायत ११ जना</td><td>१४७</td><td>१५००</td><td>२२०५००।</td></tr>
<tr><td>४०२-०७८।३।२६</td><td>१ नं वडाध्यक्ष श्री कमल थापा लगायत ८ जना</td><td>४०</td><td>१०००</td><td>४००००।</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>५६९५००।</td></tr>
</table>

</td><td>५६९,५००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**ग्रेड तथा निकासा**

</td><td></td></tr>
<tr><td>४७.१</td><td></td><td></td><td>

<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>पारित ग्रेड रकम</th><th>भुक्तानी भएको रकम</th><th>ग्रेड रकम</th><th>बढी भुक्तानी (दशैं र कसं कोष )</th></tr>
<tr><td>गणेश मा.वि.</td><td>सपना महत्रा</td><td>०</td><td>३७६०</td><td>३७६०</td><td>५२६००</td></tr>
<tr><td>हिमालय मा.वि.</td><td>भरत कुमार सिंह</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८</td></tr>
<tr><td>भगवति मा.वि. वाग्ला</td><td>नारायण प्रसाद घिमिरे</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८</td></tr>
<tr><td>गुष्ते पोखरा मा.वि.</td><td>शिव चन्द्र अर्याल</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८</td></tr>
<tr><td>राम पोखरी प्र.वि.</td><td>मुक्तिराम पराजुली</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८</td></tr>
<tr><td>गणेश मा.वि.</td><td>विष्णु प्रसाद खनाल</td><td>१</td><td>२</td><td>१२००</td><td>१७०४०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१२३०३२</td></tr>
</table>

</td><td>१२३,०३२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७.२</td><td></td><td></td><td>भरपाई : विद्यालयलाई छात्रबृत्ति निकासा दिंदा विद्यार्थीहरुले छात्रबृत्ति बुझेको भरपाई पेश गर्नु पर्दछ । निम्न विद्यालयहरुलाई छात्रबृत्ति रकम निकासा दिएकोमा विद्यार्थिहरुले बुझेको भर्पाई पेश नभएकोले भर्पाईको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>वाग्ला मा.वि.</td><td>७८४००</td></tr>
<tr><td>घुर मा.वि.</td><td>६५२००</td></tr>
<tr><td>जम्मा</td><td>१४३६००</td></tr>
</table></td><td>१४३,६००</td></tr>
<tr><td>४७.३</td><td></td><td></td><td>छात्रबृत्ति बढी निकासा: विद्यालयलाई छात्रबृत्ति निकासा दिंदा भरपाई बमोजिम हुने गरी निकासा दिनु पर्दछ ।पालिकाले निम्न स्कूललाई छात्रबृत्ति रकम निकासा दिएकोमा भर्पाई भन्दा बढी निकासा दिएको देखिएकोले बढी निकासा दिएको रु. ७३०००। असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>भर्पाई</th><th>बढी निकासा</th></tr>
<tr><td>निन्यू खर्क मा.वि.</td><td>७४५००</td><td>६८९००</td><td>५२६००</td></tr>
<tr><td>भगवति मा.वि. वाग्ला</td><td>७१६००</td><td>५१२००</td><td>२०४००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७३०००</td></tr>
</table></td><td>७३,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>वडा नं. ३ का लाभग्राहीहरुको प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै बांडेकोमा नागरिकता नं. ४३९ का जेष्ठ नागरिक मनिचन्द्र क्षेत्रीको० ७७।४।३० मा मृत्यु भैसकेकोमा निजको नाममा १ महिनाको मात्र भुक्तानी गर्नुपर्नेमा ३ महिनाको रु. ९०००।- बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.</td><td>९,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण निर्देशिका २०७७ को दफा १५ मा भत्ता पाइरहेको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउंपालिकाले सनराइज बैंक मार्फत भत्ता भूक्तानी गरेकोमा मृत्यु भैसके पछिको समेत भुक्तानी भएको देखिएकोले सो रकम बैकबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं.</th><th>नाम</th><th>ना. प्र.प.नं</th><th>मृत्यु मिति</th><th>विवरण</th><th>वढी भुक्तानी रकम</th></tr>
<tr><td>४</td><td>होमे सार्की</td><td>११७३</td><td>२०७७।६।१८</td><td>प्रथमचौमासिक</td><td>२८००</td></tr>
<tr><td>४</td><td>ज्ञान बहादुर सार्की</td><td>२०८३</td><td>२०७७।१०।२७</td><td>दोश्रो चौमासिक</td><td>३३००</td></tr>
<tr><td>४</td><td>डिल बहादुर पोखरेल</td><td>१४०८</td><td>२०७७।१०।१०</td><td>दोश्रो चौमासिक</td><td>४०००</td></tr>
<tr><td>४</td><td>देउमनी सार्कि समत</td><td>१०३१</td><td>२०७७।८।२०</td><td>दोश्रोचौमासिक</td><td>१००००</td></tr>
<tr><td>६</td><td>डिल कुमारी खत्री</td><td>३००</td><td>२०७७।४।२३</td><td>प्रथमचौमासिक</td><td>९७००</td></tr>
<tr><td>६</td><td>धन बहादुर गन्धर्व</td><td>५७१९</td><td>२०७७।६।१</td><td>प्रथमचौमासिक</td><td>३०००</td></tr>
<tr><td>६</td><td>सुमी सुनार</td><td>१६१३</td><td>२०७७।६।१७</td><td>प्रथमचौमासिक</td><td>४३००</td></tr>
<tr><td>६</td><td>काली दमाइ</td><td>४१०१७३०७४४७</td><td>२०७७।१२।२५</td><td>तेश्रोचौमासिक</td><td>९५००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४६६००</td></tr>
</table></td><td>४६,६००</td></tr>
<tr><td>४९</td><td>२३७</td><td>२०७८-१-२६</td><td>जिन्सीमा आाम्दानी<br>२३७आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व , २०७७ को नियममा कार्यालयमा प्राप्त भएको जिन्सी सामानहरु ७ दिनभित्र जिन्सी खातामा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । वडा नं ७ कार्यालयले कुर्सी, डिजिटल वोर्ड लगायतका जिन्सि सामानहरु रु. १४९५५५।- मा खरिद गरेकोमा जिन्सी खातामा आम्दानी नबांधेकोले आम्दानी बांधेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१४९,५५५</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>उद्यम विकास कार्यक्रम</td><td></td></tr>
<tr><td>५०.१</td><td>२२४</td><td>२०७८-३-३०</td><td>प्रविधि हस्तान्तरण : उपर्युक्त प्रविधि हस्तान्तरण कार्यक्रम अन्तरगत गाउंपालिकाको ८० प्रतिशत अनुदानमा उद्यमीहरुलाई सिलाई मेशिन, कुटानी पिसानी मेशिनरी तथा सामानहरु खरिद गरि रु. ५०५५८१।- खर्च लेखेकोमा देखिएका व्यहोराहरु निम्न छन्:<br>उद्यमीको योगदान : उक्त खरिद भएको रु. ५०५५८१।- मध्ये उद्यमीले व्यहोर्ने २० प्रतिशत रु.१०१११६।– पूरै खर्च लेखेको असुल गर्नुपर्ने रु.</td><td>१०१,११६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.२ | २२ | २०७८-३-३० | सिलाई कटाई तालिममा भएको खर्च बापत उद्यम विकास सहजकर्ता सपना भट्टराईलाई रु. ४६७९२०।- भुक्तानी दिएकोमा रु. ४६००३४।- को विभिन्न ३५ थान विल तथा भरपाई पेश भएकोले बढी भुक्तानी भएको रु. ७८८६।- निजबाट असुल गर्नुपर्ने रु. | ७,८८६ |
| ५०.३ | | | बुझेको भरपाई : उक्त मेशिनरी सामानहरु के कति जना उद्यमीहरुलाई बुझाएको हो सोको भरपाई पेश भएन । अत: निजहरुलाई बुझाएको परिचय खुल्ने विवरण समेतको बुझेको भरपाई पेश हुनु पर्ने रु. | ४०४,४६५ |
| ५१ | ११० | २०७८-३-८ | **ग्याविन जाली खरीद**<br>**जाली खरिद:** गाउंपालिकाले कोटेशनबाट रु. २९८३२०।- को १०० थान जाली खरिद गरी अध्यक्षको तोक आदेशमा बितरण गरेकोमा कति प्रयोग् भएका छन सोको नियम बमोजिम प्राविधिक मूल्याकन समेत गरेको नदेखिएकोले नियमसम्मत देखिएन । अत: उक्त जालीहरु प्रयोग भएको देखिने नापी समेतको प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ५२ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानिय तह सञ्चालन ऐन, ०७४ को दफा ७७(२) मा स्थानिय तहले आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण शुरु हुन अगावै फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक लेखापरीक्षणले औल्याएका वेरुजुहरु लेखापरीक्षण अवधिसम्म पनि फर्स्यौट गरेको पाइएन । अत: उक्त बेरुजुहरु तोकिए बमोजिम फर्स्यौट गर्नुपर्ने रु. | १,४२१,४५४ |

| व्यहोरा | असुल | प्रमाण | अनियमित |
|---|---|---|---|
| गाउँ शिक्षा योजना निर्माणमा सहभागी सहजकर्ताहरु १ दिन मात्र हाजिर भइ दुइ दिनको भत्ता वुझेको नियम नियम सम्मत नभएको | | | १५००० |
| नगर प्रहरी विष्णु पोखरेललाई विल भरपाइ भन्दा वढी भुक्तानी असुल गर्ने | १८१६ | | |
| ६ नं वडाध्यक्ष श्री कृष्ण वहादुर सार्की लाईदैनिक २०००। का दरले दैनिक भत्ता वढी भुक्तानी | ३५०० | | |
| राटेखोली पधेराचौर खा.पा.यो.उ.स.लाई मूल्याकन भन्दा वढी भुक्तानी | ५६४४ | | |
| गोमा मल्टी अर्डर सप्लायर्सलाई स्टेशनरी सामान खरीद वापत रु १६६६९२ भुक्तानी गरेकोमा कोटेशन नभएको,तुलनात्मक चार्ट नवनाएको,तथा जिन्सी दाखिला नभएको | | | १६६६९२ |
| २ नं वडा कार्यालय व्यवस्थापनमा वढी भुक्तानी | ९५७१९ | | |
| ६ नं वडाध्यक्ष श्री कृष्ण व.सार्कीलाई गाडी भाडा भढी भुक्तानी | ५५०० | | |
| सि.अ.हे.व.श्री डिल्लीराज पराजुलीलाई शुन्य प्रसुती वडा घोषणा कार्यक्रममा होर्डिङ्ग वोर्ड लगायतका सामान खरिद गरेकोमा | | ७२४९४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | पुष्ट्याइ हुने कागजात पेश नभएको | | | | |
| | | | वा ख्रा प्रवर्द्धनउपभोक्ता समितिलाई खाजा नास्ता खुवाएको | | ६८७०० | | |
| | | | श्रेष्ठ कन्स्ट्रक्सनलाई वढी भुक्तानी भएको | ९०४४५ | | | |
| | | | एक घर एक धारा कार्यक्रम उ.स.लाई विल भरपाई भन्दा वढी भुक्तानी | १४२५५ | | | |
| | | | हाइ स्पीड कम्प्यूटर तम्घासलाई कम्प्यूटर, प्रिन्टर,स्क्यानर लगायतका सामान जिन्सी दाखिला नभएको | | ५०८६२० | | |
| | | | पिपलधारा उ.स.ले नम्वर नभएको कर विजक पेश गरेको | ६०१७३ | | | |
| | | | धुर खानेपानी योजना मुहान संरक्षण उ.स.लाई हार्डवेयरका सामान खरीद गरी भुक्तानी गरेकोमा नियमसम्त नभएको | | | ९८५५६ | |
| | | | धुरकोट होटललाई पुष्ट्याइ वेगर खाजा खानाको विल भुक्तानी | | | २१४३४० | |
| | | | जम्मा | २७७०५२ | ६४९८१४ | ४९४५८८ | |
| ५३ | | | **क्षेत्रगत खर्च, चौमासिक खर्च, योजना छनौट र विविध खर्च**<br>**(क) क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | | | | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ७४०२८९६० | ६०७४१९४७ | १३.१९ |
| २ | पूर्वाधार विकास | ९८२०२२६० | ७०७०३२०२ | १५.३५ |
| ३ | सामाजिक विकास | २९४४१२६८५ | २६०१९५९१० | ५६.४८ |
| ४ | बातावरण तथा विकास | ८२८७००० | ७५६२०९ | ०.१७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ११०५०००० | ७४३८८४० | १.६२ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७२२०१००० | ६०७७९४९६ | १३.१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| जम्मा | ५५८१८१९०५ | ४६०६१५४०४ | १०० |

**(ग)चौमासिक खर्च** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चालु तथा पुँजीगत तर्फ रु. ४६ करोड ६ लाख १५ हजार निकासा तथा खर्च भएकोमा प्रथम चौमासिकमा रु.७ करोड ९३ लाख २ हजार अर्थात् १७.२२ प्रतिशत, दोश्रो चौमासिकमा रु. १० करोड ९१ लाख ६८ हजार अर्थात् २३.७० प्रतिशत र तेश्रो चौमासिकमा रु. २७ करोड २१ लाख ४३ हजार अर्थात् ५९.०८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १८ करोड ५० लाख २३ हजार अर्थात् ४०.१७ प्रतिशत खर्च गरेको देखिएकोले आषाढमा खर्चको चाप बढेको र सन्तुलित खर्च ब्यवस्थापन नभएको कारण वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने हुनाले स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्चमा सन्तुलन कायम हुने गरी खर्च गरी आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**(घ) योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् :

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ३३ | १२१ | ८६ | २० | ३२ | २९२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि माथिका जम्मा २५९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।

**(ङ) खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३३६६०५/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>पेश्की<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार निर्माण व्यवसायीलाई खरिद सम्झौता बमोजिम दिएको मोविलाइजेसन पेश्की प्रत्येक रनिङ विलबाट कट्टा गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट हुन नसकी बांकी रहेको पेश्की फछ्र्यौट हुनुपर्ने रु<br>
<table>
<tr><th>पेश्की लिने व्यक्तिको नाम</th><th>प्रयोजन</th><th>म्याद ननाघेको पेश्की रकम</th><th>म्याद नाघेको पेश्की रकम</th></tr>
<tr><td>तारलक्ष्मी ममता मन्जु जेभी</td><td>मोविलाईजेसन</td><td>५०००००</td><td>०</td></tr>
<tr><td>अन्जना श्रेष्ठ जेभी</td><td>मोविलाईजेसन</td><td>२००००००</td><td>०</td></tr>
<tr><td>प्राकृतिक श्रेष्ठ सुनिल समिर जेभी</td><td>मोविलाईजेसन</td><td>५३१४३३३</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७८१४३३३०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>स्वास्थ्य तर्फ<br>(क) तलबी प्रतिवेदन : निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु. २०४८९११६।- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । अत तलवी प्रतिवेदन पारित गरी खर्च लेख्नुपर्दछ ।<br>(ख) औषधी खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगर पालिकाले यस वर्ष कोटेशनबाट औषधी तथा सर्जिकल सामाग्रीहरु समेत गरी जम्मा रु.१० लाख ३८ हजारको खरीद गरेकोमा देखिएका व्होरा निम्न छन् :<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए वा नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रु.पमा आम्दानी बाँध्ने नगरेको,<br>अत: औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>सफ्टवेयर खरिद<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजश्व र जिन्सी सम्वन्धी सफ्टवेयर रु. ४९८३३०।- र योजना अनुगमन मूल्यांकन तथा प्रगति विवरण सम्बन्धी सफ्टवेयर रु. ३७७६४०। - गरी जम्मा रु. ८७५९७०।- मा खरिद गरेकोम सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएकोले नियम सम्मत देखिएन । अतः सफ्टवेयर खरिद गर्दा सूचना प्रविधि विभागको स्वीकृति लिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>प्रदेश समपुरक अनुदान<br>समपुरकबाट बढी खर्चः समपुरको सम्बन्धी व्यवस्था अनुसार कार्यक्रमको कूल खर्च मध्ये ५० प्रतिशत प्रदेश श्रोतबाट र ५० प्रतिशत पालिका श्रोतबाट खर्च गरेको हुनु पर्दछ । तर पालिकाले देहाय अनुसार प्रदेश सरकारको श्रोतबाट बढी खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>सि न</th><th>कार्यक्रमको नाम</th><th>जम्मा खर्च रु</th><th>प्रदेशको रु</th><th>लेखेको रु</th><th>बढी रु</th></tr>
<tr><td>1</td><td>धुर्कोट परमानन्द बहुमुखी क्याम्पस भवन निर्माण</td><td>3278968</td><td>1639484</td><td>1500000</td><td>-139484</td></tr>
<tr><td>2</td><td>पान्चायन मा वि भवन निर्माण</td><td>2397976</td><td>1198988</td><td>2397976</td><td>1198988</td></tr>
<tr><td>3</td><td>धुर्कोट कोट टेवा पर्खाल</td><td>8118325</td><td>4059163</td><td>3500000</td><td>-559163</td></tr>
<tr><td>4</td><td>सिम कोदारी उदिना लिफ्ट खा पा यो</td><td>4312422</td><td>2156211</td><td>2500000</td><td>343789</td></tr>
<tr><td>5</td><td>कोट क्षेत्र पूर्वाधार निर्माण</td><td>1423450</td><td>711725</td><td>1423450</td><td>711725</td></tr>
<tr><td>6</td><td>ओखलढुंगा नेटेकटेरी मैदान ठुल्दी सडक</td><td>109000</td><td>54500</td><td>109000</td><td>54500</td></tr>
<tr><td></td><td>जम्मा</td><td>19640141</td><td>9820071</td><td>11430426</td><td>1610356</td></tr>
</table></td><td>१,६१०,३५६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | ४० | २०७८-३-३० | **उपभोक्ता समिति मार्फत कार्य**<br>**शित भण्डार निर्माण उपभोक्ता समिति** : धुर्कोट गा पा वडा नं ७ मा लागत सहभागितामा शित भण्डार निर्माण कार्यको लागत अनुमान रु. ६९३८७३०।९२ मा कार्यालयले रु. ६२ लाख ४० हजार दिने गरी सम्झौता भई प्रथम विलबाट रु. २२५९६६१.।- भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् ।<br>(क) **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु. १ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । तर पालिकाले वडा नं ७ शित भण्डार निर्माण कार्यको डिपिआर अनुसार उक्त कार्यको लागत अनुमान रु. १०५४६९१८।८० उपभोक्ता समितिलाई १ करोडभन्दा बढी लागत अनुमानको कार्य दिन नमिल्नु भएकोले लागत अनुमान घटाएर उपभोक्ता समितिलाई दिएको नियम सम्मत देखिएन ।<br>(ख) **कार्य एकाई:** नियम ९७(३)क१ मा रु. ६० लाख भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य एकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान रकम सहितको सम्झौता गर्नुपर्नेमा सो देखिने गरी संझौता गरेको छैन ।<br>(ग) **अग्रिम कर** : कार्यालयले प्रथम विलबाट रु. २२५९६६१।- भुक्तानी गरेकोमा १.५ प्रतिशतले कर रु. ३३८९५।- कट्टी नगरेकोले असुल गर्नुपर्न रु. | ३३,८९५ |
| ५९ | | | **बजेट,निति तथा कार्यक्रम र स्थानीय सरकार सन्चालन ऐन कार्यान्वयन** | |
| ५९.१ | | | **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११ अनुसारका देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।<br>· सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको<br>· अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको<br>· मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको,<br>· सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,<br>· स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,<br>· वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन नभएको,<br>· स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,<br>· जेष्ठ नागरिक,क्लब,दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,<br>· खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,<br>· एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,<br>· स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून,मापदण्ड,योजना तर्जुमा नगरेको,<br>· स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,<br>· स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,<br>· खानेपानी,साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,<br>· जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,<br>· सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,<br>· खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,<br>· बहुमुल्य धातु,पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,<br>· खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,<br>· स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन नभएको,<br>· वातावरण,पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वियन नभएको,<br>· व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,<br>· प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून,मापदण्ड तर्जुमा नभएको,<br>· यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति,कानून,मापदण्ड, योजना तर्जुमा नभएको,<br>· संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति,योजना कार्यक्रम तर्जुमा र कार्यान्वियन नभएको,<br>· संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वियन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन नगरेको,<br>· स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,<br>· संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन नभएको,<br>· स्थानीय बस,ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति मापदण्ड ,योजना कार्यान्वियन नभएको,<br>राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको संचालन, व्यवस्थापन, मर्मत संभार, समन्वय, साझेदारी र सहकार्य नभएको | |
| ५९.२ | | | **निति तथा कार्यक्रम कार्यान्वनः** पालिकाको सभाको अधिवेशनमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु मध्ये देहायका कार्यक्रमहरु कार्यान्वियन भएका छैनन । बार्षिक निति तथा कार्यक्रममा समावेश गर्ने तर कार्यान्वियन नगर्ने कार्यमा सुधार गरिनु पर्दछ ।<br>Ø १अनुपस्थित भु-स्वामित्व अन्त्य गर्न जग्गाको वर्गिकरण गरीने र उत्पादनमुलक कार्य सञ्चालन गरीनेछ साथै भुमि बैँक स्थापना<br>२विभिन्न सिप भएका व्यक्तिहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणका लागि गाउँपालिकाको केन्द्रमा कोसेली घर स्थापना<br>३ कोसेली घर मार्फत बजारीकरण<br>४ गाउँपालिकाको केन्द्रमा पुस्ताकलय स्थापना<br>५ स्वच्छ धुर्कोट अभियान सञ्चालनका लागि एक छुट्टै सरसफाइ कोष स्थापना<br>६ सबै वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुबाट सम्पादन हुने कामहरु एकीकृत रुपमा गाउँपालिकाबाटै एउटै सर्भरबाट नियन्त्रण र अनुगमन हुने व्यवस्था<br>७ दोस्रो चौमासिक सम्ममा ७० प्रतिशत सम्म आयोजनाको निर्माण कार्य सम्पन्न गरी भुक्तानी भएका वडा मध्येबाट उत्कृष्ट वडालाइ प्रोत्साहन स्वरुप यसै वर्ष सम्पन्न हुने गरी योजनाका लागी रु १० लाख बजेटको व्यवस्था<br>८" एक बार एक वडा कृषी घुम्टी हाटबजार भन्ने नाराका साथ गाउँपालिकाके केन्द्र रहेको बर्वोटमा हाटबजार सञ्चालनमा ल्याउने र प्रत्येक वडाहरुमा घुम्ती हाटबजार सञ्चालन<br>९ सित भण्डारमा विउका लागी राखिने आलुको महसुलमा ५० प्रतिशत अनुदान दिइनेछ साथै सुन्तला अन्य तरकारी र खाने आलुका लागी २५ प्रतिशत विद्युत महसुलमा अनुदान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.३ | | | **बजेट कार्यान्वयनः-** स्थानीय सभामाप्रस्तुत आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम कार्यान्वयन गरिएको हुनु पर्दछ । तर कार्यालयले यो वर्षको स्वीकृत बार्षिक बजेट कार्यक्रम मध्ये १ करोड ६६ लाख ७७ हजारका ७० वटा कार्यक्रमहरु कार्यान्वयन गरेको देखिएन। अतः सभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिनु पर्दछ। | |
| ६० | | | सम्परीक्षण<br><br>(क) सम्परीक्षणः प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ७४ दफा ३८ वमोजिम अन्तिम लेखापरीक्षणवाट कायम भएको वेरुजु असुल गरी वेरुजु फछर्यौट तथा नियमित गर्नु पर्ने व्यवस्था छ।आ.व.२०७६।७७ सम्म वांकी वेरुजु रु ३ करोड ९० लाख ४४ हजार रहेकोमा सम्परीक्षणको लागि रु ९७०५७९३।पेश भएको छ।लगत कट्टाको जानकारी पछि पठाइने छ। | |

| आ.व. | दफा | व्यहोरा | फर्छयौट रकम | कैफियत |
|---|---|---|---|---|
| २०७६। ७७ | २२ | पदाधिकारी तथा सदस्यहरुलाई चाडपर्व खर्च वढी भुक्तानी रु | ८०००। | दाखिला गरेको |
| २०७६। ७७ | २८ | संघीय र प्रदेश सरकारलाई वाँकी अनुदान फिर्ता गर्नु पर्ने रु | ४६४२४२६। | दाखिला गरेको |
| २०७६। ७७ | ६७ | कक्षा ११ र १२ को विद्यार्थीहरुलाई वुक कर्नर अनुदान दिएकोमा भरपाइ नभएको | १७०००। | प्रमाण पेश भएको |
| २०७६। ७७ | ६८ | शिक्षकहरुलाई तलव भत्ता वढी निकासा रु | २२५११२। | दाखिला भएको। |
| २०७४। ७५ | ६६ | पदाधिकारीहरुलाई वैठक भत्ता दिएको रु | ३३१४१५। | दाखिला भएको। |
| २०७४। ७५ | ६७ | वैठक भत्ता वढी भुक्तानी भएको रु | १७२८००। | दाखिला भएको। |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २०७५।७६ | ३४ | नागरिकता प्रमाण पत्र नं उल्लेख नभएको भरपाइवाट सा सु भता वितरण भएको रु | ६२००००। | नागरिकता नं उल्लेख भएको प्रमाण पेश भएको |
| २०७५।७६ | ३६ | धुर मा वि र नयागाउ मा वि को कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु | ३६०००००। | कार्य सम्पन्न प्रतिवेदन पेश भएको । |
| २०७५।७६ | ३७ | वैठक भत्ता वढी दरमा दिएको रु | ४८४५। | दाखिला भएको। |
| २०७५।७६ | ३८ | वैठक भत्ता वढी भुक्तानी रु | १५००। | दाखिला भएको। |
| २०७५।७६ | ३९ | कर कट्टा पछिको रकम रु | ८९२५। | दाखिला भएको। |
| २०७५।७६ | ३९ | वढी भुक्तानी भएको रु | ५६१०। | दाखिला भएको। |
| २०७५।७६ | ४१ | वढी दिनको अनुगमन खर्च | ५७६७५। | दाखिला भएको। |
| २०७५।७६ | ४१ | प्रशिक्षणको रकम वढी भुक्तानी रु | १०४८५। | दाखिला भएको। |
| | | जम्मा | ९७०५७९३। | |

ख) अद्यावधिक वेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ ।

(रु.हजारमा)

| गत वर्ष सम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३९०४४ | ९७०६ | २६७४० | ० | ५६०७८ |